मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्तमान सरकारको प्राथमिकता स्थायित्व र आर्थिक विकासः परराष्ट्रमन्त्री



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक २०२ | २०८२ साल जेष्ठ २२ गते बिहीबार | Thursday 05, June 2025 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ६:५७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# अफताब आलम निर्दोष प्रकरण: कानूनमन्त्रीको कल डिटेल माग



अफताब आलाम, सफाइ पाएका व्यक्ति



अजयकुमार चौरसिया, कानूनमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको बम विस्फोटपछि इँटा भट्टामा जिउँदै मान्छे जलाइएको घटनासम्बन्धी विवादास्पद फैसलामा पूर्वमन्त्री अफताब आलमले सफाई पाएपछि न्यायपालिकाको निष्पक्षतामा गम्भीर प्रश्न उठिरहेको छ । प्रकरणमा संलग्न व्यक्तिको मोबाइल कल विवरण (कल डिटेल) सार्वजनिक गरेर छानबिन अघि बढाउन दबाब बढेपछि कानून मन्त्री अजयकुमार चौरसिया पनि यो मामलामा जोडिएका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आलमलाई कुनै पनि हालतमा न्याय दिने अभिव्यक्ति दिएका थिए । आलमका पक्षमा वरिष्ठ अधिवक्ता शम्भु थापालगायतका कानून व्यवसायीहरुले बहस गरेका थिए । तर जिल्ला अदालत रौतहटले आलमलाई जन्मकैद सजायको फैसला सुनाएको थियो । यो मुद्दाको फैसला उल्ट्याउँदै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले आलमलाई सफाइ दिएपछि यसले राष्ट्रियरुपमा तरंग ल्याएको छ । सफाइपछि व्यापक आलोचना भइरहेको छ । योसँगै प्रकरणमा अब कानूनमन्त्री अजय कुमार चौरसिया पनि जोडिएका हुन् ।

आलमलाई न्याय दिन नै नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनमा अजय कुमार चौरसियालाई कानूनमन्त्री बनाइएको चर्चा पनि चल्न थालेको छ । अर्कातिर समाजवादी पेशागत कानून व्यवसायी संगठन, पर्साले कानून न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाको कल डिटेल छानबिन गर्न माग गरेपछि मन्त्री चौरसिया पनि प्रकरणमा अप्रत्यक्षरुपमा विवादमा परेका छन् ।

संगठनले विज्ञप्ति जारी गरेर मन्त्री कुमार चौरसियाको फोन कल विवरण जाँच गर्न माग गरेको छ । साथै, फैसलामा संलग्न न्यायाधीश र अन्य कानून व्यवसायीको समेत कल डिटेल (सिडिआर) अनुसन्धानको दायरामा ल्याउन संगठनले माग गरेको छ । संगठनका पर्सा सचिव हरिशंकर प्रसाद चौहानले हस्ताक्षर गरेको विज्ञप्तिमा जेठ १४ गतेको फैसलाको दुई दिनअघि र दुई दिनपछाडिसम्मको सम्पर्क विवरण जाँच गरेर न्यायपालिकामा भएको सम्भावित हस्तक्षेपबारे निष्पक्ष छानबिन हुन भनिएको छ । कानून मन्त्री चौरसियामाथि न्यायिक प्रक्रियामा बारम्बार हस्तक्षेप गरेको र आफू तथा आफ्नो पार्टी निकटका व्यक्तिको पक्षमा प्रभाव सिर्जना गर्ने प्रयास गरेको गम्भीर आरोप लागेको छ ।

यसैले, मन्त्रीलाई पनि न्यायिक छानबिनको दायरामा ल्याइनुपर्ने माग भएको छ । अफताबको मुद्दा फैसलाले न्यायपालिकाको निष्पक्षता, स्वतन्त्रता र गरिमामाथि गम्भीर प्रश्न उठाएको भन्दै चौतर्फी असन्तुष्टि बढिरहेको छ । यही सन्दर्भमा संगठनले न्याय परिषद्मा दर्ता भइसकेको उजुरीको स्वतन्त्र, पारदर्शी र प्रभावकारी छानबिन गर्न जोड दिएको छ । रौतहट घटनालाई नेपालको इतिहासकै एक जघन्य राजनीतिक अपराधका रूपमा लिइएको छ ।

# आँखा अस्पताल प्रकरणमा कारबाही र सदस्यता खुला माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा धनुषा र जानकी आँखा अस्पताल जनकपुरमा बेतिथिका विषयमा मधेश प्रदेश सभाबाटै छानबिन समिति गठन भएर पनि दोषीहरु कारबाहीमा नपरेको भन्दै मुख्यमन्त्री सतिश कुमार सिंहलाई ध्यानाकर्षण गराइएको छ । आँखा अस्पतालको बेथिति सुधार गर्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज एवम् कार्यरत कर्मचारीले आन्दोलन गरेपछि प्रदेश सरकारले २०८१ साउन १३ गते मधेश प्रदेश सरकारका तत्कालीन स्वास्थ्य मन्त्री शत्रुधन प्रसाद सिंहको उपस्थितिमा आन्दोलनकारीहरुसँग सहमति गरेका थिए । सहमतिमा डा. प्रमोद कुमार यादव संयोजक रहेको पाँच संसदीय छानबिन समिति गठन गरेर समितिले तयार पारेको प्रतिवेदनमा दिइएको सुझाव कार्यान्वयन नभएको भन्दै ध्यानाकर्षण गराइएको हो ।

प्रदेश सभामा संसदीय छानबिन गर्न आवाज उठेपछि प्रतिवेदनमा दिइएका सुझावको कार्यान्वयन नभएको भन्दै मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराइएको छ । अस्पताल छानबिन प्रकरणसँगै नेपाल रेडक्रस सोइसाइटी धनुषाको सदस्यता वितरणसमेत रोकिएको थियो । रेडक्रसको सदस्यता वितरण हुनु पर्ने, प्रदेश सरकारले तयार गरेको प्रतिवेदनअनुसार भ्रष्टाचार र अनियमिततामा संलग्नलाई कारबाही गर्न माग गरिएको छ ।



मुख्यमन्त्री सिंहलाई ध्यानाकर्षण गराउनेमा नेपाल सरकारका पूर्वस्वास्थ्य राज्यमन्त्रीद्वय रामसिंह यादव, सुरेन्द्र यादव, जानकी आँखा अस्पतालका निवर्तमान कोषाध्यक्ष धिरेन्द्र कुमार झा, पूर्व कोषाध्यक्ष संजयप्रसाद साह छन् । यस्तै, मधेश सरकारका पूर्व गृह तथा कानून मन्त्री ज्ञानेन्द्र यादव, समाजसेवी जीवनाथ चौधरी, दिनेश पूर्व, नागरिक समाजका घनश्याम नायक, श्यामसुन्दर झा, हरिशचन्द्र यादव, मोहन उपाध्यक्ष र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय सचिव अजयकुमार झा छन् ।

यता, नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय महामन्त्री भूपति श्रेष्ठले २०८१ पुस २२ गते नै नेपाल रेडक्रस सोसाइटीको विधान–२०२० (संशोधन २०७५ सहित) को दफा ९ को सदस्यता र सदस्यताको वर्गीकरण खण्डमा कुनै पनि व्यक्तिलाई 'जात, जाति, लिङ्ग, वर्ग, वर्ण, धार्मिक विश्वास, भाषा, राष्ट्रियता वा राजनीतिक मास्थाको आाधारमा भेदभाव नगरी हरेक व्यक्तिलाई सदा खुला रहनेछ' भन्ने व्यवस्था भएकाले सदस्यता विरतण रोक्का नरहेको बताएका छन् ।

उनले मधेश सरकारको मन्त्रालयलाई पत्र लेखेर जिल्ला शाखा र उपशाखाबाट विधानले तोकेबमोजिमको योग्यता पुगेका व्यक्तिलाई नेपाल रेडक्रस सोसाइटीको सदस्यता प्रदान भइरहेको जवाफ पठाएका छन् ।

# लैंगिकमैत्री तथा समावेशी उद्यम विकासमा प्रयास

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले लैंगिकमैत्री तथा समावेशी उद्यमको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको प्रतिनिधिमण्डलसँग बुधबार छलफल गर्दै मुख्यमन्त्री सिंहले महिलालाई आर्थिक रूपमा सशक्त बनाउन उद्यमशीलताका लागि प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । 'महिलाको आर्थिक सशक्तिकरण बिना समावेशी विकास सम्भव हुँदैन,' उनले भने, 'महिला तथा पछाडि पारिएका समुदायलाई उद्यममा सहभागी गराएर मात्र दिगो विकास सम्भव छ ।' महासंघ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीको नेतृत्वमा गएको टोलीले 'लैंगिकमैत्री तथा समावेशी उद्यम र व्यवसाय विकास' सम्बन्धी स्थितिपत्र मुख्यमन्त्री सिंहलाई स्थितिपत्र बुझाएको थियो । महासंघले महिलाको उद्यमशीलता प्रवद्र्धनका लागि नीति सुधार, लगानीमैत्री वातावरण र सहुलियतपूर्ण पहुँच सुनिश्चित गर्न प्रदेश सरकारसँग आग्रह गरेको थियो ।

# नवविवाहिताको रहस्यमय मृत्यु, पति फरार

**मधेशदृष्टि**
**रौतहट ।**
कटहरिया नगरपालिका–१, भसेरवामा नवविवाहित महिलाको शव घरमै फेला परेको छ । घटना मंगलाबारको हो । परिवारका सदस्यहरूले नै मिलेर हत्या गरेको भन्दै माइती पक्षले कारबाही माग गरेका छन् ।

विजयपुर नगरपालिका–९, बडहरवाका स्व. रामनारायण यादवकी छोरी आल्काको हत्या भएको माइती पक्षको दाबी छ । घटनापछि श्रीमान् २६ वर्षीय अंकेश यादव फरार छन् भने ससुरा पुकार राय यादव प्रहरीको हिरासतमा रहेको इलाका प्रहरी कार्यालय कटहरियाका वरिष्ठ सई बिनोद राना मगरले जानकारी दिए । आल्का विवाहपछि कटहरिया–१, भसेरवामा श्रीमानसँग बस्दै आएकी थिइन् । मंगलनार बेलुकी ७ बजेको समयमा उनीमाथि कुटपिट गरी गड्तीले च्यापेर हत्या गरिएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । शव पोष्टमार्टमका लागि गौर अस्पताल पठाइएको छ । घटनाले स्थानीयमा शोक र आक्रोश फैलिएको छ । प्रहरीले अभियुक्तलाई नियन्त्रणमा लिएर घटनाको थप अनुसन्धान गरिरहेको जनाएको छ । महिलामाथिको हिंसा र घरेलु मुद्दामा यो घटना एउटा जघन्य उदाहरण बनेको छ ।

# महानगरका १३ वडामा नेशनल मेडिकल कलेजको स्वास्थ्य सम्झौता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको भेडीयाहीस्थित नेशनल मेडिकल कलेज र वीरगंज महानगरपालिकाका १३ वटा वडाबिच स्वास्थ्य उपचार सेवा सुविधा उपलब्ध गराउने सम्झौता भएको छ । बुधबार अस्पतालको सभा हलमा वीरगंज महानगरपालिकाका १३ वटा वडाका वडाध्यक्षहरू र नेशनल मेडिकल कलेजका प्रवन्ध निर्देशक सहनवाज अनसरीबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

स्वास्थ्य सम्झौता अन्तगर्त नेशनल मेडिकल कलेजले ओपिडी टिकटमा २५ प्रतिशत, जेनरल बेड चार्जमा १५ प्रतिशत, आइसियु, एनआइसियु, पीआइसियुको बेड चार्जमा ५ प्रतिशत, जेनेरल लाप्रोस्कोपिक तथा इण्डो स्कोपिकमा ८ प्रतिशत, पयाथोलोजी जाँचमा १० प्रतिशत, यसैगरी भिडियो एक्सरे, एक्सरे, इसिजी, इन्डोस्कोपीमा ७ प्रतिशत, सिटीस्क्यान, एमआरआईमा ७ प्रतिशत, फार्मेसी ओपिडीमा १० प्रतिशत, फार्मेसी आईपिडीमा १५ प्रतिशत छुट दिने सम्झौता भएको हो । सो उपचार सेवा शुल्क छुट सुविधाका लागि सम्बन्धित वडा कार्यालयको लेटर प्याडमा सिफारिस गरेको हुनुपर्ने छ । यसका साथै नेशनल मेडिकल कलेजले १३ वटै वडा कार्यालयहरुमा प्रत्येक तीन÷तीन महिनामा निःशुल्क स्वास्थ्य शिविर गर्नुको साथै रक्तदान कार्यक्रमको आयोजना समेत गर्ने सम्झौता भएको छ । बुधबार भएको यो सम्झौता एक वर्षसम्म लागू रहने तथा आवश्कता अनुसार दुवै पक्षको आपसी सहमतिमा थपघट वा परिमार्जन गर्न सकिने अस्पतालका प्रवन्ध निर्देशक सहनवाज अन्सारीले जानकारी दिए । सम्झौता कार्यक्रममा वीरगंज महानगरपालिकाका अधिकांश वडाध्यक्षहरुको उपस्थिति रहेको थियो ।

साथै वडाध्यक्षहरुले यस दिनलाई ऐतिहासिक दिनको रूपमा मानेका छन् । उनीहरूले गरीब, असहाय, मानिसहरूलें नेशनल मेडिकल कलेजमा उपचार गराउँदा सहज हुने र विस्तारै सेवा सुविधालाई बढाउँदै जाने कुराप्रति खुशी व्यक्त गरे । अस्पतालका निदेशक डाक्टर ईसरत जहान अन्सारीले यो दिन सबैको लागि ऐतिहासिक दिन रहेको बताए । उनले अब शहरदेखि गाउँसम्मका जनताले स्वास्थ्य सेवा सहज रूपमा पाउने विश्वास व्यक्त गरे । सो अवसरमा अस्पतालका मार्केटिङ र एडमिसन डाइरेक्टर आबिद हुसेन, एकेडेमीक डाइरेक्टर रुबी श्रेष्ठ यास्मिन, नेशनल मेडिकल कलेजका प्रधानाध्यापक प्रोफेसर डाक्टर केएन सिंह र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो

# विशेषको सफाइपछि अख्तियार पुग्यो सर्वोच्चमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्प विष संकलन तथा प्रशोधन केन्द्र स्थापनाका लागि विनियोजित सरकारी रकम दुरुपयोग प्रकरणमा विशेष अदालतको फैसलामा चित्त नबुझेपछि सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजय कुमार र सर्लाही, लालबन्दी नगरपालिकाका तत्कालीन नगरप्रमुख मानबहादुर खड्कालगायतलाई प्रतिवादी बनाउँदै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार विशेष अदालतमा मुद्दा दायर गरेको थियो । मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७६÷७७ को नीति तथा कार्यक्रममा समावेश परियोजनाअनुसार नेपाल सरकार र प्रदेश सरकारको लागत साझेदारीमा सर्प विष संकलन, प्रशोधन तथा उत्पादन केन्द्र निर्माणका लागि सरकारी रकम विनियोजन गरिएको थियो । तर, झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल गैरसरकारी संस्था र कम्पनीलाई लागत साझेदारी शून्य हुँदा पनि सरकारी रकम उपलब्ध गराइएको पाइएपछि आयोगले यो कार्य प्रचलित कानूनविपरीत भएको ठहर गर्दै मुद्दा दायर गरेको थियो । आयोगका अनुसार विशेष अदालत, काठमाडौँले २०८१ साल असार २५ गते मुद्दामा आंशिक सफाइ दिएपछि आयोगले बुधबार फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आयोगले प्रतिवादीहरूमाथि कैद, जरिवाना तथा दुरुपयोग भएको रकम असुल उपर गरिनुपर्ने माग गरेको छ ।

# विश्व वातावरण दिवसको अवसरमा साइकल रैली

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व वातावरण दिवस २०८२ को अवसरमा प्रकृति सेवा प्रतिष्ठान नेपालले शारदा माध्यमिक विद्यालयको सहकार्यमा पाँच दिने जनचेतनामूलक कार्यक्रम अन्तर्गत बुधबार चौथो दिन साइकल रैलीको आयोजना गरेको छ । रैलीको नेतृत्व प्रतिष्ठानका संस्थापक अध्यक्ष सरदार जसपाल सिंहले गरेका थिए भने प्रमुख अतिथि समाजसेवी प्रकाश उपाध्याय थिए । कार्यक्रममा शारदा विद्यालयका प्रधानाध्यापक अनिल वर्णवाल, प्रतिष्ठानका सहसचिव अविनाश झा, सदस्य भोला प्रसाद, केदार गुप्ता, शारदा विद्यालय बहुअरीका कक्षा ९ र १० का ४० विद्यार्थी र नेपाल राष्ट्रिय मावि मुर्ली वीरगंजका कक्षा ९ र १० का २७ विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

रैली नेपाल राष्ट्रिय मावि मुर्लीबाट शुरु भई शारदा माविमा अल्पविराम गरेपछि हरियो झण्डा देखाएर रैलीको उद्घाटन गरिएको थियो । त्यसपछि रैली हरपतगन्ज, सुगौली, अठराहा सुगौली, ड्राइपोर्ट हुँदै पुनः शारदा विद्यालयमा पुगेर समापन गरिएको थियो । सो अवसरमा प्रमुख अतिथि उपाध्यायले वातावरणले जीवनको प्रत्येक चरणमा निःशुल्क रूपमा अति आवश्यक स्रोतहरू प्रदान गरिरहने उल्लेख गर्दै त्यसको संरक्षण र सम्मान गर्नु सबैको कर्तव्य रहेकोमा जोड दिए । साथै, उनले विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्दै आयोजक संस्थाहरूलाई बधाई र आभार व्यक्त गरे ।

# राज्यका संरचना समावेशी बनाउन राजनीतिक दल समावेशी हुनुपर्छः सभापति देउवा

**ललितपुर ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दलीय व्यवस्थामा दल आफैँ समावेशी नभएसम्म राज्यका अन्य संरचना समावेशी हुन नसक्ने बताएका छन ।

राष्ट्रिय समता दिवस तथा छुवाछुतमुक्त राष्ट्र घोषणाका सन्दर्भमा नेपाली कांग्रेसअन्तर्गतको दलित समुदाय समन्वय तथा सशक्तीकरण विभागले बुधवार पार्टी केन्द्रीय कार्यालय सानेपामा 'दलित समुदायको वर्तमान अवस्था र समस्या समाधानमा राज्य एवं राजनीतिक दलको भूमिका' विषयक अन्तरसंवाद गरेको थियो सो कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले निरङ्कुश शासन व्यवस्थामा दलित समुदायले भोगेका भेदभावविरुद्ध आवाज उठाउने पहिलो पार्टी नेपाली कांग्रेस भएको बताएका छन । समाजको निश्चित जाति, वर्ग, समुदायले भोग्नुपरेको नारकीय जीवनबाट मुक्ति दिलाउनलाई कांग्रेसले २००७ सालको क्रान्तिमा 'जातपात मान्दैनौँ, सँगै बसौँ, सँगै खाऔँ, भात भताहाको खुसी' भन्ने नारा लगाएको उनले स्मरण गराए ।

'राज्य निर्माण र शासन सञ्चालनका विभिन्न कालखण्डमा विश्वका हरेक मुलुकका श्रमजीवी वर्गले कुनै न कुनै किसिमका अन्याय,



शोषण र भेदभावको सिकार बन्नुपरेको देखिन्छ' उनले भने, 'दक्षिण एशिया र विशेष गरेर नेपालमा हजारौँ वर्षदेखि धर्म, प्रथा र परम्पराका रूपमा कायम हुँदै आएको जातीय भेदभाव र छुवाछूतले हाम्रो समाज विकृत बनाएको छ ।'

सभापति देउवाले विद्यमान जातीय भेदभाव र छुवाछूत अन्त्य गर्न पुनःस्थापित संसद्ले २०६३ जेठ २१ गतेका दिन 'नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा' गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको आजको दिन सामाजिक रूपान्तरणको क्षेत्रमा महत्त्वपूर्ण रहेको बताए ।

उनले वर्तमान संयुक्त सरकारका माध्यमबाट विभेदका अवशेषहरू पूर्ण रूपले अन्त्य गर्नेतर्फ प्रयत्नशील रहेको र नेपाल दलित सङ्घले जुझारू ढङ्गले विभेदविरूद्ध आवाज बुलन्द गर्नुपर्नेमा जोड दिए ।

अन्तरसंवादमा विभाग प्रमुख लक्ष्मी परियारले २०६३ साल जेठ २१ गते संसद्बाट राष्ट्रिय समता दिवस तथा छुवाछुतमुक्त राष्ट्र घोषणा भए पनि हालसम्म संसद्बाट सम्बन्धित कानुनहरु पारित हुन बाँकी रहेको बताए ।

लेखक एवं अध्येता जेबी विश्वकर्माले देशमा १३ दशमलव ४ प्रतिशत दलितहरुको जनसङ्ख्या रहेको तथ्याङ्क प्रस्तुत गर्दै दलित समुदायको मुख्य समस्या र सरोकार, राजनीतिमा पहुँच र समावेशीकरणका साथै दलित समुदायलाई राज्यको सबै ठाउँमा आरक्षण आवश्यक रहेको बताए । रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय, गितमन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८१/१०/२९ मा ३५ दिने तथा मिति २०८१/१२/१५ मा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०३/०६ गते शुक्रबारका दिन दिउँसो ३:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

**क)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री **आशा इटा उद्योग ।**

**ख)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६६ साल आश्विन महिना २७ गते रोज ३ मा नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. २७१३१/०६६/६७, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज १३, रानिघाट, पर्सा कार्यालय रहेको श्री **साहु ट्रेडर्स ।**

**ग)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०, अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको **उषा पलाष्टिक सप्लायर्स ।**

**कर्जाको प्रकार:- व्यवसायीक अधिविकर्ष कर्जा , व्यवसायीक आवधिक कर्जा,अल्पकालिन कर्जा,गाडि कर्जा,डिमान्ढ कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) गोवर्धन सा कानुको नाती ढोडा सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४ ,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) **५० बर्ष को श्री रामदयाल प्रसाद कानुको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. ५६३ र २१९ को जम्मा क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-८-१० को घरजग्गा र जिल्ला पर्सा वनकटवा वडा नं ६ स्थित रहेको किता नं. १०७३ को जम्मा क्षेत्रफल ०-१६-१२-८ को घरजग्गा ।

ख)शिवसाह कानुको छोरी ,ढोडासाह कानुको बुहारी ,राम दयाल प्रसाद कानुको पत्नी ,जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का.,पर्सा) **वर्ष ५२ की सुशीला साहको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगंज वडा नं १५ स्थित रहेको किता नं. २००, २२० को जम्मा क्षेत्रफल क्रमशः ००८०.८० र ००८८.५० व.मि.को घरजग्गा , जिल्ला पर्सा वनकटवा वडा नं. ५ स्थित रहेको किता नं. १११ , १०८, ६१६ र ७२ को जम्मा क्षेत्रफल क्रमशः ०-०-९-१२.५, ०-१-१७-८ , ०-७-११-८ र ०-१२-०-० को घरजग्गा र , जिल्ला पर्सा वनकटवा वडा नं ५ गा स्थित रहेको किता नं. ६९ को जम्मा क्षेत्रफल ०-४-६-८ को घरजग्गा ।

ग) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा , जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८२ को ढोडा सा कानको**नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २२७ र २२१ को जम्मा क्षेत्रफल क्रमश २८६८.३४ व.मि. र २२०१.०८ व.मि. को घरजग्गा ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा,जिल्ला पर्सा ,पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु ।**

ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु ।**

ग) नाम गोवर्धन सा कानुको बुहारी ,ढोडा सा कानुको पत्नी ,जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन ।**

घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) **वर्ष ३५ की सुधा गुप्ता ।**

ङ)शिवसाह कानुको छोरी ,ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) **वर्ष ५२ की सुशीला साह ।**

च)ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा,पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को **उषा कुमारी ।**

छ) गोवर्धन सा कानुको नाती ,ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ८१ बर्ष को **रामदयाल प्रसाद कानु ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असार ०५ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असार ०६ गते शुक्रबार दिउँसो ३:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट
श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# 'लोक सेवा आयोग हीरक महोत्सव तयारीमा व्यस्त'

**काठमाडौं ।**
लोकसेवा आयोगले ७५ वर्ष पुगेको उपलक्ष्यमा आँखा शिविर, रक्तदान, प्रतिभा सम्मानलगायत सप्ताहव्यापी रुपमा विविध कार्यक्रम आयोजना गरी हीरक महोत्सव मनाउने भएको छ ।

सो सन्दर्भमा जानकारी दिँदै हीरक महोत्सव प्रचारप्रसार समितिका संयोजकसमेत रहनुभएका आयोगका सदस्य वीरबहादुर राईले विभिन्न रचनात्मक एवं सिर्जनात्मक कार्यक्रमसहित मनाउन लागेको ७५औँ वार्षिकोत्सव कार्यक्रमलाई आमसञ्चारमाध्यमले प्राथमिकता दिने विश्वास व्यक्त गरे ।

सरकारी सेवा प्रवेशका क्रममा जनशक्ति छनोटसहित पदपूर्तिका लागि सिफारिस गर्ने जिम्मेवारीमा रहेको आयोगको स्थापना २००८ साल असार १ गते भएको थियो । नेपालको संविधानमा निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य सङ्घीय सरकारी सेवाका पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी आयोगलाई तोकिएको छ ।

केन्द्रीय कार्यालयसहित काठमाडौँमा तीन वटा र काठमाडौँ बाहिर ११ वटासमेत जम्मा १४ वटा कार्यालय रहेको आयोगका सबै कार्यालयमा हीरक महोत्सवसम्बन्धी कार्यक्रम आयोजना हुने जानकारी दिँदै सदस्य राईले भने, 'अहिले सुरुआतमा सप्ताहव्यापी रुपमा उत्सव मनाइने भए पनि वर्ष दिनभर हीरक महोत्सवसम्बन्धी कार्यक्रम हुन्छन् । लोक सेवा आयोगका गरिमा र प्रतिष्ठा अभिवृद्धि गर्न विशेष योगदान पुऱ्याउने अग्रज तथा कार्यरत उत्कृष्ट जनशक्तिलाई सम्मान गरिनेलगायतका कार्यक्रम छन् । जिम्मेवार संवैधानिक निकायका हैसियतले आयोगले धेरै बोल्दैन, तर आयोगबाट सम्पादित कामकाबारेमा चर्चा परिचर्चा हुन आवश्यक छ । त्यसमा आमसञ्चार माध्यमबाट साथ सहयोग प्राप्त हुने विश्वास लिएका छौँ ।' आयोगकी प्रवक्ता गीताकुमारी होमेगाईंले हीरक महोत्सववका उपलक्ष्यमा आयोगको प्रतीक चिन्ह प्रयोगमा ल्याई वर्षभर कामकाज गर्ने र आयोगमा करिब ३० वर्ष सेवा गरी सचिव भएका भूवनमान सिंह प्रधानको योगदानको कदर गर्दै आयोगको केन्द्रीय कार्यालयस्थित 'सभाहल'लाई उनको नाममा नामकरण गर्ने निर्णय भएको जानकारी दिए ।

सहप्रवक्ता एवं सूचना अधिकारी एकनारायण शर्माले 'योग्यता, स्वच्छता, निष्पक्षताः लोक सेवा आयोगको प्रतिबद्धता' भन्ने आदर्श वाक्यका साथ तोकिएको जिम्मेवारी पूरा गर्दै आएको आयोग विभिन्न कार्यक्रमका साथ हीरक महोत्सव मनाउन गइरहेको जानकारी दिँदै सदैव आयोगका पक्षमा पेसागत धर्म निर्वाह गरिरहनुभएका मुलुकका आमसञ्चारमाध्यमले आयोगको हीरक महोत्सवसम्बन्धी गतिविधिलाई प्राथमिकता साथ प्रचारप्रसार गर्ने विश्वास व्यक्त गरे । रासस

# प्रधानसेनापतिद्वारा काजी कालुपाण्डेप्रति श्रद्धासुमन

**काठमाडौँ ।**
प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका सेनापति काजीकालु पाँडेको सालिकमा माल्यापर्ण गरी श्रद्धासुमन अर्पण गरेका छन ।

चन्द्रागिरि नगरपालिका–१ दहचोकस्थित समाधिस्थलमा बुधवार आयोजित २६८औँ स्मृति दिवसमा स्थानीय जनप्रतिनिधिलगायतले सालिकमा श्रद्धासुमनसहित पुष्पअर्पण गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ ।

काजी तुलाराम पाँडे स्मृति प्रतिष्ठानले आयोजना गरेको उक्त कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष पूर्व रथी पवनबहादुर पाँडे, इतिहासविद् राजाराम सुवेदीले स्वर्गीय पाँडेको योगदानका विविध पाटोबारे प्रकाश पार्नुभएको थियो ।

काजी कालु पाँडेले नेपाल एकीकरण अभियानका क्रममा कीर्तिपुरको लडाइँमा वीरगति प्राप्त गर्नुभएको थियो । रासस

सम्पादकीय

# कानूनमन्त्रीको गृहजिल्लामा मन्त्रीकै कैफियत ?

*पर्साका कांग्रेस नेता हुन् अजय चौरसिया। भाग्यले उनी यतिखेर एमाले नेतृत्वको गठबन्धनमा कानून मन्त्री छन्। उसो त उनकै साथी हुन् मोहमद अफ्ताब आलम। रौतहटका हुन्। कांग्रेसी राजनीतिमा दुवै साथी हुन्। सांसद हुन्, मन्त्री हुन्। यावत् कांग्रेसी सम्बन्ध, हिजो नारायण अञ्चलको राजनीति अहिले मधेशको राजनीति। अनि एउटा साथी कानूनमन्त्री, अर्को साथी जम्मा २३ जना मान्छे जिउँदै ईँटाभट्टामा जलाएको आरोपमा अदालतबाट दोषी भएर कानून मन्त्रीकै गृहजिल्लामा उच्च अदालतमा न्यायको फिराद गरिरहेका छन्। थुनिने र कानूनमन्त्रीको पार्टीका मुखिया शेरबहादुर देउवा। जसको बोली लगातार पाँच वर्ष यता आलमलाई न्याय दिन लाग्नेछु, पहल भइरहेको छ, गरिरहेको छु। यहीबेला कानूनमन्त्रीकै गृहजिल्लाको उच्चअदालतले जिल्ला अदालतको सम्पूर्ण फैसलामा थोरै पनि थपघट नगरी सर्लक्कै उल्ट्याइदिएपछि न्यायको नौ सिङ हेर्न बारा, पर्सा, रौतहटका मान्छेलाई अन्त जानै परेन।*

*रौतहटको बम विस्फोटपछि इँटा भट्टामा जिउँदै मान्छे जलाइएको घटनासम्बन्धी विवादास्पद फैसलामा पूर्वमन्त्री अफताब आलमले सफाइ पाएको विषयमा यतिखेर न्यायपालिकाको निष्पक्षतामाथि गम्भीर प्रश्न मात्रै उठेको छैन। यस प्रकरणमा संलग्न व्यक्तिको मोबाइल कल विवरण (कल डिटेल) सार्वजनिक गरेर छानबिन गर्नुपर्ने माग चर्को रुपमा बाहिर आएको छ। बहालवाला कानूनमन्त्री अजय कुमार चौरसिया पनि शंकाको घेरामा परेका छन्। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आलमलाई कुनै पनि हालतमा निकाल्ने अभिव्यक्ति दिनु र आलमका पक्षमा वरिष्ठ अधिवक्ता शम्भु थापालगायतका व्यक्तिले बहस गर्नु नै आलमले न्याय पाउने आधार बनिसकेको थियो। जिल्ला अदालत रौतहटले आलमलाई कैद सजायको फैसला सुनाइरहँदा मुद्दालाई उल्टी गर्दै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले सफाइ दिएपछि यसले हंगामा भएको छ। सफाइपछि व्यापक आलोचना भएको छ। कानूनमन्त्री अजय कुमार चौरसियामाथि शंका भइरहेको छ। समाजवादी पेशागत कानून व्यवसायी संगठन, पर्साले कानून न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाको कल डिटेल छानबिन गर्नुपर्ने माग गरेको छ। संगठनले विज्ञप्ति जारी गरी मन्त्री अजय कुमार चौरसियाको फोन विवरण जाँच गर्न माग गरेको छ।*

*फैसलामा संलग्न न्यायाधीश र अन्य कानून व्यवसायीको समेत कल डिटेल (सिडिआर) अनुसन्धानको दायरामा ल्याउन जरुरी देखिएको छ। जेठ १४ गतेको फैसलाको दुई दिनअघि र दुई दिनपछाडिसम्मको सम्पर्क विवरण जाँच गरेर न्यायपालिकामा भएको सम्भावित हस्तक्षेपबारे निष्पक्ष छानबिन गर्न भनिएको छ। कानून मन्त्री चौरसियामाथि न्यायिक प्रक्रियामा बारम्बार हस्तक्षेप गरेको र आफू तथा आफ्नो पार्टी निकटका व्यक्तिको पक्षमा प्रभाव सिर्जना गर्ने प्रयास गरेको गम्भीर आरोप छ। मन्त्रीलाई पनि न्यायिक छानबिनको दायरामा ल्याइनुपर्ने माग भएपछि कानून मन्त्री आफ्नै गृहजिल्लाको राजनीतिक कठघरामा उभिनु परेको छ। अफताबको मुद्दा फैसलाले न्यायपालिकाको निष्पक्षता, स्वतन्त्रता र गरिमामाथि गम्भीर प्रश्न उठाएको भन्दै चौतर्फी असन्तुष्टि छदैँछ।*

# जातिवाद र परिवारवादमा सीमित मधेशी राजनीति



**श्रीमन नारायण**

गत साता सहलेस पासवान समाज सिरहाले सलहेश फुलवारी संरक्षणका लागि सडक रैली र खबरदारी कार्यक्रमको आयोजना ग¥यो। लहानमा आयोजित उक्त रैलीमा सबै जाति र वर्गका व्यक्तिहरु उपस्थित थिए। मिथिलामा राजा सलहेशको नाम निकै आदरपूर्वक लिने गरिन्छ, सलहेस राजाको दरवार हाल त्यति प्रभावकारी रुपमा नदेखिए पनि पोखरी र फुलवारीहरु भने अवश्य पनि मिथिला क्षेत्रलाई गौरवको अनुभूति गराउँछ। सलहेस पासवान समाजको खबरदारी कार्यक्रम मूलतः यसको मौलिकतासित कुनै पनि किसिमको छेडछाड नहोस तथा कथित विकासको नाममा दलित–दलितहरुबीच
आपसमा नै लडाउने काम नहोस भन्ने चाहना रहेको देखिन्छ। मधेश प्रदेस सरकारको नेतृत्वकर्ता, जनमत पार्टीका अध्यक्ष डा.चन्द्रकान्त राउत र उनको पार्टी, त्यहाँ भारतका संविधान निर्माता डा.भीमराव अम्वेडकरको नाममा पार्क बनाउन चाहन्छन्। वर्तमानको राजनीति पूर्णतः भोटको लाभ–हानीमा केन्द्रित छ होईन भन्ने डा.अम्वेडकरसित नेपालको के नाता ? वि.सं. २००७ सालको राणा विरोधी आन्दोलनलाई सफल बनाउ उनले कुनै पनिको निर्वाह गरेको थिएनन्। उनी बेलायतमा पढेका आधुनिक परिवेसमा बाँच्ने मानिस थिए। उनी अर्थशास्त्रका ठुला विद्धान थिए।

कानूनका जानकार थिए नै। भारतको निम्ति उनको योगदान र भूमिका अविश्वमरणीय रहनेछ तर नेपालको हकमा भने उनले त्यस्तो कुनै काम गरेका थिएनन कि उनको सम्मानमा पार्क, अध्ययन अनुसन्धान भवन बनाउन सकियोस। दलित मतलाई आफुतिर तान्ने मनसायले जनमत पार्टीले यो प्रस्ताव ल्याएको हुन सक्दछ। दलित समुदाय भित्र पनि आर्थिक, सामाजिक र राजनीतिक रुपले सशक्त मानिएका पासवान जाती यसको विपक्षमा उभिनुको कारण अवश्य पनि हो।

मधेशी जनताको आर्थिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा आमुलचुल परिवर्तन ल्याउने मनसायले खोलिएका दलहरु जातिवाद र परिवादवादमा सिमित हुन थालेपछि मधेशका जनता पनि ठुला दलहरु प्रति आकर्षित हुन बाध्य भएका छन्। वि.सं.२०७२ सालको आन्दोलनमा नेकपा एमालेको चर्को विरोध गर्नेहरु र एमालेलाई मधेशीहरुको शत्रु सावित गर्न रगत, पसिना एक गरेका मधेशी आन्दोलनकारीहरु मध्ये ९० प्रतिशतले नेकपा एमालेकै सदस्यता लिनु, मधेश प्रदेसमा पनि नेकपा एमाले प्रमुख प्रभावकारी दुई राजनीतिक दलहरु मध्येको एक हो।

मधेशी कसलाई भन्ने ? भन्ने यक्ष प्रश्न पनि सबैतिर तेर्सिएको छ।

मुसलमानहरु आफुलाई मुसलमान भन्न रुचाउँछन्। एक पटक आरक्षणको सुविधा हासिल गर्न समस्या भए पछि आफुलाई मधेशी कोटामा उभ्याए, होईन भन्ने अब नेपाली मुसलमानहरु आफनो छुटै पहिचान सहित संघ, प्रदेस र स्थानीय तहमा सुविधा लिन चाहन्छन्। समानुपातिक कोटा तर्फवाट प्रदेश सभा र संघीय संसदमा आफनो उपस्थितिलाई सुनिश्चित गर्न र स्थानीय तहको कार्यपालिकामा पनि आफनो स्थान सुरक्षित पार्न भुमिहार, राजपुत र कायस्थले पनि आफुलाई अल्पसंख्यकको कोटामा राख्न सफल भएका छन्।

थारु, राजवंशी र धानुकहरु आदिवासी–जनजातिमा कोटा हुन। दलितहरु आफनो कोटामा नै छन्। अन्य जातिहरु पिछडा वर्गमा छन। यस हिसाबले हेर्दा त मधेशीको परिभाषा भित्र केवल तराई मधेशका बाहुन मात्रै देखिन्छन्। अधिकारको कुरा गर्ने मधेशको तर आफुलाई जातिको संकिर्ण घेरामा उभ्याउने काम मधेशी नोहरुले गरिरहेका छन्।

मधेशको राजनीतिमा जातिवादको नारा दिने नेताको रुपमा जसपा नेपालको अध्यक्ष उपेन्द्र यादवको नामलाई अघि सारिन्छ तर उपेन्द्र यादवलाई सर्वाधिक मतदान गर्नेहरु पनि उनकै जातिका हुन भन्दा अतिश्योक्ति होला। उपेन्द्र यादवले यदि आफनो जातिलाई बढी पत्याए उनलाई ठुलो धोका दिनेहरु पनि उनकै जातिका छन्। राजेन्द्र महतोले पनि सर्वाधिक आफनै जाति माथि पत्यार गरेका थिए, उनलाई पनि धोका दिनेहरु उनकै जातिका छन्। उपेन्द्र यादव र राजेन्द्र महतोले तराई मधेशका र पहाडका उपल्लो जातिका अनुहारलाई पनि अवसर नदिएका होईनन तर त्यस मध्ये पनि अनेकौंले उनलाई धोका दिए। यदि संघीय सांसद, संविधानसभाको सदस्य पद र प्रदेस सभासदको पद लेनदेनको आधारमा भएको थियो भने त्यसलाई धोका भन्न मिल्दैन। त्यसलाई विशुद्ध रुपमा व्यापारको रुपमा बुझने गरिन्छ। उपेन्द्र यादव यदि जातिवादी नेता हुन भने आफनी श्रीमती, सम्धिनी, प्रेमिका भाई–भतिजा, नातेदारहरुलाई सांसद बनाउने नेता त घोर संकिर्ण मानसिकताका र परिवारवादी सावित भए। मधेशवाद त जातिवाद र परिवारवादमा सिमित हुन पुगेको छ। कतिपय मधेशी नेताहरुले आफनो कमी कमजोरी र विकृतिलाई ढाक–छोप गर्न ठुला दलहरुमा पनि यस्तै भई रहेको आरोप लगाउँछन् तर ठुला दललाई नरोजी जनताले मधेशी दललाई रोज्नु भनेको पुरानै विकृतिलाई निरन्तरता दिनका लागि अवश्य पनि होईन। मधेशी दलका नेताहरुको यो तर्क जनतालाई नसुहाएकै कारण मधेशका जनता फेरि पनि ठुलो दलहरुमाथि पत्यार गर्न थालेका छन्।

आधुनिक राजनीतिमा सबैभन्दा बढी सफल नेता त्यसलाई मानिन्छ, जो एउटा पनि काम गर्दैन केवल बहाना बनाउँछ। आवश्वासन मात्रै बाँडछ र अरुमाथि दोषारोपण गर्छन्। तिनका बफादार कार्यकर्ताहरु पनि नेताको बहानालाई मन्त्र जस्तै कण्ठ पारी जनताको घरदैलोमा पुग्ने गर्दछन्। दोश्रो थरिका नेतामा जातिवाद, धार्मिक उन्माद क्षेत्र एवं वर्गमा आधारित द्धन्द्ध सृजना गरेर आफनो राजनीतिक अभिष्ट पुरा गर्दछन्। यस्ता नेताहरु सधै जातिय उन्माद फैलाउनमा व्यग्र रहन्छन्। पार्टी संगठन, समाज, व्यवहार र जनताका हितमा काम गर्न चाहने नेताहरु अब डायनोसर जस्तै विलुप्त भइरहेका छन्।

सिरहामा दलित वर्ग भित्र नै विवाद उत्पन्न गराउने जुन काम भएको छ, त्यसको निहितार्थ बुझनु आवश्यक छ। वर्तमानको सूचना प्रविधिका युगमा भारतीय राजनीतिमा अम्वेडकरको महिमा मण्डन गर्ने क्रम तीव्र भएको छ। एक चौथाईको संस्थामा रहेका दलितहरुको मत सबै दललाई चाहिएको हुन्छ तसर्थ दलित मतदातालाई आकर्षित गर्न अम्वेडकरलाई देउताको सरहमा उभ्याउने काम भईरहेको छ।

दलित समाजका युवा वर्गमा अम्वेडकर प्रतिको आकर्षण अत्याधिक छ। डा.अम्वेडकर जस्तो विद्धान बन्न सक्नुपर्छ, संभव भए उनी भन्दा बढी विद्धान बन्न सक्नुपर्दछ। दलित समाजमा पनि धेरै विद्धानहरु भएका छन्।

नयाँ नयाँ विद्धान लेखक र अनवेषकहरु पनि भएका छन्। जनमत पार्टीले दलित समाजका लागि कुनै खास उपलब्धिमुलक कार्य गरेको छैन। सिरहामा अम्वेडकर भवन र अम्वेडकर पार्कको निर्माण गरेर केवल मत हासिल गर्ने काम हुन सक्दछ जबकी दलित बर्गको उत्थानका लागि प्रदेस सरकारले ठोस नीति एवं कार्यक्रम ल्याउनुपर्दछ। आर्थिक प्याकेज ल्याउनुपर्दछ। प्रदेस मन्त्रीमण्डलमा महत्वपूर्ण स्थान दिनुपर्छ। राजा सलहेसको आफनो नाम र सम्मान छ। मिथिलामा (नेपाल भारत) राजा सलहेस प्रति उच्च सम्मान, आदरभाव र निष्ठाभाव छ।

डा.अम्वेडकर पार्कको निर्माणका लागि कुनै छुटै स्थानको खोजी गर्नु पर्दछ। आठ जिल्लामा कही पनि अम्वेडकर पार्क बनाउन सकिन्छ तर सलहेस फुलवारीको संरक्षण हुनुपर्छ।

# शासनको पाखण्ड र राज्य सञ्चालनको उल्टो यात्रा



**रमेश कुमार बोहोरा**

नेपालको राजनीतिमा जनताको ध्यान अन्यत्र मोड्ने चलन नयाँ होइन। जब सरकार वा कुनै दल संकटमा पर्छ, जनताले चासो राखेका विषयहरूलाई ओझेल पारेर संवेदनशील, भावनात्मक वा जटिल मुद्दाहरूलाई प्राथमिकता दिने गरिएको पाइन्छ। देशभक्तिको भावुक अपिल, धर्म–संस्कृति संरक्षणका नाममा विवादास्पद बहस, प्रदेश विभाजनको 'पुनरावलोकन' लगायतका मुद्दाहरू समय–समयमा सतहमा ल्याइन्छन्—जनमतलाई राजनीतिक लाभको दिशामा डो¥याउन।

तर यथार्थमा नेपाली जनता स्थायित्व, रोजगारी, शिक्षा, स्वास्थ्य, र पारदर्शी शासन प्रणाली चाहन्छन्। जनता बारम्बार दोहो¥याएर यिनै कुरा मागिरहेका छन् तर सत्तामा पुग्ने दलहरूले ती मागलाई प्राथमिकता दिनुको सट्टा आ–आफ्ना रणनीतिक स्वार्थअनुसार मुद्दा बनाउने काम गर्दै आएका छन्। दलहरूका घोषणापत्र हेर्ने हो भने तिनीहरू परिवर्तनको आश्वासनले भरिएका देखिन्छन् तर व्यवहारिक कार्यान्वयनमा ती घोषणाहरू खोक्रा साबित भएका छन्।

नेपालमा हरेक वर्ष औसत ६ लाख युवा वैदेशिक रोजगारीको लागि आवेदन दिने तथ्यांक स्वयं सरकारको कमजोरी देखाउन पर्याप्त छ। जनशक्ति उत्पादन गरेर विदेश पठाउने कार्यलाई उपलब्धिको रूपमा प्रस्तुत गरिन्छ, जुन दृष्टिकोण दीर्घकालीन विकासको दृष्टिकोणले घातक छ। रोजगारी सिर्जनाको नाममा यथेष्ट योजना छैन। उत्पादन क्षेत्रमा लगानी नगर्ने प्रवृत्तिले मुलुकको आत्मनिर्भरता झन् कमजोर बनाइरहेको छ।

शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा पनि राज्यको उपस्थिति कमजोर छ। ग्रामीण भेगका कतिपय विद्यालयमा शिक्षककै अभाव छ, कतिपय ठाउँमा विद्यार्थीको शंख्या शिक्षकको भन्दा बढी पनि हुँदैछन्। सरकारी अस्पतालहरूमा डाक्टर कम छन्, डाक्टर भएका ठाउँमा आवश्यक औषधि नभएका ठाउँ पनि धेरै छन्। सेवा लिन गएका सर्वसाधारणलाई प्रशासनिक प्रक्रियामा बारम्बार झन्झट भोग्नुपर्छ। नागरिकता, जमिन रजिस्ट्रेसन, जन्म–मृत्यु दर्ताजस्ता सामान्य सेवामा पहिलेभन्दा धेरै सहज भएको छ, तर अपेक्षित सुधार छैन। सेवाग्राहीमाथि कर्मचारीको हेपाहा व्यवहार अझै कतिपय ठाउँमा अनुभव गर्न सकिन्छ।

यस्ता समस्या समाधान गर्न निजामती सेवामा सुधार आवश्यक छ भन्ने आवाज पहिल्यैदेखि उठ्दै आएको हो। यस्तै सन्दर्भमा हालसालै संसदमा पेस गरिएको निजामती सेवा विधेयक परिवर्तनको संकेत झैँ देखियो। तर सो विधेयकको गहिरो अध्ययन गर्दा त्यसमा कर्मचारीतन्त्रलाई दलनिकट राख्ने उद्देश्य लुकेको देखिन्छ। ट्रेड युनियनको अस्तित्व कायम राखेर दलहरूको प्रभावलाई संस्थागत मान्यता दिइएको छ। पहिल्यै दलतन्त्रको दलदलमा फसेको निजामती सेवालाई, यस्ता प्रावधानले कर्मचारीहरूमा दलगत निष्ठाको प्रवृत्ति थप बढाउनेछ।

निजामती सेवा अब स्वतन्त्र करियर प्रशासन नभएर 'राजनीतिक लगानी'को माध्यम बन्दै गएको छ। विशेष सेवा, सचिव स्तरीय नियुक्ति, राजदूत सिफारिसदेखि आयोग, बोर्ड र ठुला परियोजनाको नेतृत्वमा समेत सरकार गठन गर्ने दलको पकड छ। नियुक्ति प्रणाली दलहरूको भागबन्डामा आधारित हुँदै गएको छ, जसले करियर र मर्यादामूलक सेवा अवधारणा ध्वस्त पारेको छ।

राजनीतिक दलहरू आफू सत्तामा पुगेपछि मन्त्रालय, बोर्ड, परियोजना आदिमा आफ्ना कार्यकर्ता वा नातेदार नियुक्त गर्न प्रतिस्पर्धा गर्छन्। नियुक्ति, सरुवा र पदोन्नतिको प्रक्रिया पारदर्शी नहुनुले कर्मचारीले क्षमता होइन पहुँचमार्फत अघि बढ्नुपर्ने सोच बनाएका छन्। यसले सेवाको गुणस्तर खस्किँदै गएको छ।

राजनीतिक पहुँच भएका कर्मचारीहरू लामो समय एउटै पद वा स्थानमा बस्ने गर्छन्। त्यही कारण 'कुलिङ पिरियड' भन्ने अवधारणा ल्याइएको हो, जसको उद्देश्य एउटै स्थान वा पदको दुरुपयोग रोक्नु हो। तर यो अवधारणाको कडा विरोध भयो—खास गरी त्यस्ता कर्मचारीहरूमार्फत राजनीतिक दलहरूले शासन सञ्चालनमा प्रत्यक्ष÷अप्रत्यक्ष प्रभाव कायम राख्न खोजेकाले। दलहरूलाई सुशासनभन्दा आफ्ना भरपर्दा कर्मचारीहरूको पहुँच जोगाइराख्ने स्वार्थ बलियो लाग्यो।

दलहरू 'सुशासन' शब्दको प्रयोग भने गरिटोपल्छन्—सभामा, टेलिभिजनमा, घोषणापत्रमा तर व्यावहारिक तहमा उनीहरूको कार्यशैली नै सुशासनको विरोधमा रहेको देखिन्छ। उदाहरणका लागि स्थानीय तहहरूमा पारदर्शिताको अवस्था चिन्ताजनक छ। सामाजिक कार्यक्रम, मर्मत सम्भार वा साना योजना सञ्चालनको नाममा बजेट खर्च हुन्छ, तर यसको सार्वजनिक लेखाजोखा हुन्न। योजना निर्माणमा नागरिकको सहभागिता छैन, अनुगमन अझै कमजोर छ।

भ्रष्टाचार अब व्यक्तिगत लोभको कुरा मात्र छैन, संरचनागत बनिसकेको छ। राजनीतिक तहमा बजेटको भागबन्डा, नियुक्ति र ठेक्कामा सिफारिस हुन्छ। प्रशासनिक तहमा फाइल पास गर्न 'चिया खर्च' तिर्नुपर्छ। सरुवा प्रक्रिया 'मूल्याङ्कन'मा होइन 'लेनदेन' मा आधारित हुन्छ। प्राविधिक तहमा योजना कार्यान्वयन गुणस्तरीय हुँदैन, खर्चको बिल बनाउने बेला अनियमितता गरिन्छ। यस्ता विकृतिहरूविरुद्ध आवाज उठाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संसदीय समिति, नागरिक समाज र मिडियालगायतले उल्लेख्य प्रयास गरेका छन्। तर कारबाहीको दर अत्यन्तै न्यून छ। केही केसहरू 'प्रेसर'मा आए पनि दोषीमाथि सजायको सुनिश्चितता छैन। दण्डहीनताको यो अवस्था भ्रष्टाचारका लागि मलजल बन्न पुगेको छ। समस्यासँग पर्दा नागरिकहरू प्रहरी÷प्रशासन र अदालतमा होइन, सामाजिक सञ्जालमा गुहार माग्छन्। अन्याय भोग्दा सडकमा उत्रन्छन् र विकल्प देखिन्न भने झोला बोकेर बिदेसिन्छन्।

यो निराशा केवल सरकारप्रति होइन, समग्र राजनीतिक प्रवृत्तिप्रति हो। कारण सरकारले मात्रै होइन, सम्पूर्ण राजनीतिक दलले राज्यशक्ति सञ्चालनमा नैतिकताको पराजय गराएका छन्। अहिलेको संरचना परिवर्तन गर्न सकिन्छ, तर त्यसका लागि चाहिने राजनीतिक इच्छाशक्ति देखिँदैन।

सुधार सम्भव छ भने त्यो निम्न तीन पक्षमा सुधार ल्याएर मात्र सम्भव छ कर्मचारीतन्त्र, राजनीतिक व्यवहार र संस्थागत पारदर्शिता। योग्यता र पारदर्शी प्रक्रियामा आधारित हुनुपर्छ निजामती सेवाको नियुक्ति, सरुवा र पदोन्नति। ट्रेड युनियनलाई पूर्णतः राजनीतिक निरपेक्ष बनाउनुपर्छ।

राजनीतिक तहमा दलहरूले आफ्ना कार्यकर्ताको भागबन्डा होइन, राज्य सञ्चालनमा निष्ठा देखाउनुपर्छ। यदि कुनै व्यक्ति वा कर्मचारी भ्रष्टाचारमा संलग्न छन् भने उनीहरूलाई संरक्षण होइन, कानुनी कारबाही हुनुपर्छ। दलीय कार्यकर्ता नभए पनि जनताको सेवा गर्ने कर्मचारीलाई अगाडि ल्याउन आवश्यक छ।

संस्थागत पारदर्शिताका लागि अख्तियार, नागरिक निगरानी संस्था र मिडियालाई थप स्वतन्त्रता र स्रोत उपलब्ध गराउनुपर्छ। सार्वजनिक बजेट, परियोजना कार्यान्वयन, अनुदान वितरणमा प्रभाव मूल्याङ्कन अनिवार्य हुनुपर्छ। स्थानीय निकायमा बजेट कार्यान्वयन र परिणाम सार्वजनिक गर्नुपर्ने प्रावधान कार्यान्वयन हुन आवश्यक छ।

आलोचनालाई स्विकार्न सक्ने संस्कृतिबाट राज्यको दिगो सुधार शुरू हुन्छ। विगतमा भएका गल्तीको समीक्षा नगरी भविष्यका सुधार सम्भव हुँदैन। राजनीतिक दलहरूले सुशासनको भाषण दिन बन्द गरी व्यवहारिक सुधारमा लाग्नुपर्ने आवश्यकता छ।

नेपालको भविष्य भाषण र नारामा सीमित रहनु हुँदैन। कार्यदिशा स्पष्ट हुनुपर्ने भएकाले जनमुखी नीति, जबाफदेही शासन र निष्पक्ष कर्मचारी प्रणाली देशलाई परिवर्तन चाहिएको छ। धेरै वर्षलाई पुग्ने भाषण नेपालीले सुनिसके। त्यसो हुँदा अब परिवर्तन भाषण होइन, कार्यद्वारा देखिनुपर्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# यस्ता छन् मन्त्रिपरिषद्का निर्णयहरू

**काठमाडौँ ।**
सरकारले पछिल्लो पटक आगामी आर्थिक वर्षको बजेट र सोसँग सम्बन्धित विभिन्न ऐन एवं अन्य कानुन पारित गरेको छ । यही जेठ १५ र १९ गते बसेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले बजेटसँग सम्बन्धित कानुनहरू एवं विभिन्न मन्त्रालयका प्रस्तावपछि भएका निर्णय जानकारी दिए ।

उनका अनुसार सरकारको आर्थिक वर्ष २०८२÷८३ को बजेट वक्तव्यसहितको राजस्व र व्ययको अनुमान सङ्घीय संसद् समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने जेठ १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय रहेको थियो ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङका अनुसार आर्थिक वर्ष २०८२÷८३ को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक, आर्थिक वर्ष २०८२÷८३ को लागि नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको थियो ।

त्यस्तै, सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिमको सूचित आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने, भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) बमोजिमको सूचना जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने पनि मन्त्री परिषद्को बैठकले निर्णय गरेको मन्त्री गुरुङले बताए ।

साथै, मूल्य अभिवृद्धि कर (सत्ताइसौँ संशोधन) नियमावली, २०८२, अन्तः शुल्क (सत्ताइसौँ संशोधन) नियमावली, २०८२, आयकर (सोह्रौँ संशोधन) नियमावली, २०८२, भन्सार (सोह्रौँ संशोधन) नियमावली, २०८२, भन्सार महसुल (पहिलो संशोधन) नियमावली २०८२ र मदिरा (चौथो संशोधन) नियमहरू २०८२ स्वीकृत गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने, नेपाल प्रहरीको रिक्त प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्रहरी नायव महानिरीक्षक सिद्धि बिक्रम शाहलाई बढुवा गर्ने, सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने, हुलाक सेवासम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने, गोरखापत्र संस्थानसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने र राष्ट्रिय समाचार समिति (रासस) सम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय छ ।

त्यस्तै मन्त्री गुरुङका अनुसार १९ गते बसेको मन्त्रिपरिषद् बैठकबाट आगामी असार ३ गते अष्ट्रियाको भियनामा आयोजना हुने ओपेक विकास कोष फोरममा अर्थ मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिइएको छ ।

त्यसैगरी थाइल्याण्डको राजधानी बैंककमा आगामी असार ४ गतेदेखि ६ गतेसम्म आयोजना हुने 'हेन्ड इन हेन्ड इन्भेस्टमेन्ट डाइलग फर एसिया एन्ड द पेसिफिक' विषयक कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति दिने, नेपाली सेनातर्फ एकजना प्रमुख सेनानीको महासेनानी दर्जामा बढुवा गर्ने, दशजना महासेनानीहरूको सरुवा गर्ने र एकजना महासेनानीको राजीनामा स्वीकृत गर्ने, आगामी असार २ गतेदेखि ९ गतेसम्म जर्मनीमा आयोजना हुने युनाईटेड नेशन्स क्लाइमेट चेन्ज कन्फ्रेन्स, एसबी ६२ मा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो ।

त्यसैगरी यही जेठ २८ गतेदेखि ३० गतेसम्म जनवादी गणतन्त्र चीनको बेइजिङमा आयोजना हुने बेजिङ्ग सिबीडी मल्टिनेश्नल इन्टरप्राइजेज कन्फ्रेन्स एन्ड एसियन मेयर्स फोरममा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिए ।रासस

# त्रिवि उपकुलपति कार्यालय तोडफोड गर्नेलाई कारबाही गर्न शिक्षा मन्त्रालयको आग्रह

**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालय (त्रिवि)को उपकुलपति कार्यालयमा तोडफोड गर्नेलाई कारबाही गर्न गृह प्रशासन आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले बुधवार जारी गरेको विज्ञप्तिमा त्रिविको उपकुलपतिको कार्यालयमा एक समूहबाट तोडफोड भएको तथा अन्य पदाधिकारीको कार्यालयमा तालाबन्दी गरिएको घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै तोडफोडमा संलग्नलाई कारबाही गर्न माग गरेका हुन ।

'त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १७ (३) अनुसार सहकुलपतिका हैसियतबाट माननीय मन्त्रीज्यू उक्त घटनाका सम्बन्धमा सुक्ष्म अध्ययन गरिरहनुभएको छ', प्रवक्ता सापकोटाले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, 'साथै मन्त्रीज्यूले यस्ता अनुशासनहीन र गैरकानुनी कार्यमा संलग्न जोसुकै भए पनि गम्भीर अनुसन्धानबाट पहिचान गरी तिनलाई कानुनी कारबाहीको दायरामा ल्याउन गृह प्रशासनको उच्च तहसँग परामर्श गर्दै सम्बन्धित पदाधिकारीलाई आवश्यक अनुरोध गर्नुभएको छ ।'

मन्त्रालयले विश्वविद्यालय जस्तो विशुद्ध प्राज्ञिक संस्था र लाखौँ विद्यार्थीको भविष्य निर्माणका लागि दैनिक पठनपाठन प्रणाली सञ्चालनमा क्रियाशिल रहनुपर्ने निकायमा कुनै पनि बहानामा यस्ता हिंसात्मक, गैरकानुनी र शैक्षिक क्यालेण्डरलाई बाधा पु¥याउने कुनै पनि कार्य सदैव निन्दनीय र भत्र्सना योग्य हुने जनाएको छ ।

मन्त्रालयले भविष्यमा कुनै पनि विश्वविद्यालय तथा शैक्षिक संस्थामा यस्ता अप्रिय घटना हुन नदिने गरी सम्बन्धित पक्षबाट स्वतःस्फूर्त रुपमा सावधानिपूर्वक प्रयत्न गर्न मन्त्रालयले सवैलाई आग्रह गरेको मन्त्रालयका प्रवक्ता सापकोटाले जनाउनुभएको छ ।रासस

# राष्ट्रियसभामा पनि गृहमन्त्री लेखकको राजीनामा माग

**काठमाडौँ ।**
राष्ट्रियसभाको बुधवारको बैठकमा पनि गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गरिएको छ । बैठकको आकस्मिक समयमा सांसद मायाप्रसाद शर्माले भिजिट भिसा प्रकरणमा देखिएका अनियमितता, भ्रष्टाचार र मानव बेचबिखनबारे छानबिन गर्न संसदीय वा न्यायिक छानबिन समिति गठन गर्नुपर्ने माग गरेका हुन ।

सांसद शर्माले सरल रूपमा छानबिनको प्रक्रिया अगाडि बढाउन नैतिकताको आधारमा राजीनामा दिएर गृहमन्त्री लेखकले सहयोग गर्नुपर्ने माग गरे ।

'निष्पक्ष छानबिनका लागि गृहमन्त्रीले राजीनामा दिएर बाटो खुलाउनुपर्छ । कर्मचारी मात्रै दोषी भए पनि छानबिनमा सहयोग गर्न राजीनामा दिएर मार्ग सहज बनाउनु पर्छ ।

यस विषयमा छानबिन गर्नुपर्ने र यसका लागि मन्त्री लेखकले राजीनामा दिनुपर्छ', उनले भने, 'छानबिनमा सत्तारुढ दल एमाले र कांगे्रेसले पनि सहयोग गर्नुपर्छ ।'रासस

# बजेटले राष्ट्रिय आवश्यकता सम्बोधन नगरेको आरोप

**काठमाडौँ ।**
सांसद नारायणकाजी श्रेष्ठले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन गरेको बजेटले राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न नसेकेको आरोप लगाएका छन । बुधवार राष्ट्रियसभाको बैठकमा आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा श्रेष्ठले बजेट सन्तोषजनक नरहेको टिप्पणी गरेका हुन ।

सामाजिक न्यायसहितको फड्कोलाई सम्बोधन गर्ने गरी बजेट आउन नसकेको उनको आरोप छ । 'बजेटले राष्ट्रिय आवश्यकतलाई सम्बोधन गर्न सकेको छैन, आगामी आवको बजेट द्दढ सोचबिनाको, आजको आवश्यकतालाई सम्बोधन गर्न नसकेको प्रशासनिक वित्तिय बजेट मात्रै हो, यो काम चलाउ बजेट हो', सांसद श्रेष्ठले भने, 'राजनीतिक, आर्थिक, वित्तिय दस्तावेदको आवश्यकताका आधारमा बजेट आउनुपथ्र्यो, तर आएन, अनि बजेटमा नयाँ सम्भावनाहरुको खोजी गरिएन, तसर्थ यो काम चलाउन प्रसासनिक बजेट भएकाले अहिलेको आवश्यकतालाई सम्बोधन गर्न सक्दैन ।' अपेक्षाअनुसारको बजेट हुन नसकेका कारण अहिले जनतामा निराशा पैदा भएको उनको आरोप छ ।

सांसद श्रेष्ठका अनुसार सुशासन, समृद्धि र सामाजिक न्याय कार्यान्वयन हुने गरी बजेट आएको छैन ।'विनियोजित बजेटले संविधानको मूल मर्म र भावनालाई समेट्न सकेको छैन, बजारवादलाई प्रक्षपोषण गर्ने गरी बजेट आएको छ', उनले भने, 'आत्मनिर्भर अर्थतन्त्र विकासका लागि आशा गर्नसक्ने किसिमको बजेट आउन सकेको छैन ।'

सांसद श्रेष्ठले पुँजगत खर्च कार्यान्वयनको क्षमता वृद्धि गर्नुपर्ने र खराब कर्जाको स्थिति सुधारमा ध्यान जानुपर्नेमा जोड दिए । 'आर्थिक रुपान्तरणको आधार कृषि क्षेत्र हो, कृषिले प्राथमिकता पाउन सकेन, भूउपयोग नीति पनि लिएको छैन', उनले भने, 'पर्यटन क्षेत्रमा ठोस योजना छैन, शिक्षामा गुणात्मक लगानी वृद्धि गर्नुपर्छ, स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिनुपथ्र्यो ।रासस

# विपद् कोषमा चार अर्ब ६५ करोड बढी मौज्दात




**काठमाडौँ ।**
सरकारले विपद् व्यवस्थापन कोषमा चार अर्ब ६५ करोड २४ लाख रुपैयाँ मौज्दात रहेको जानकारी दिएको छ ।

गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद्् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका निमित्त कार्यकारी प्रमुख बन्धुप्रसाद बाँस्तोलाले विपद्का समयमा आपतकालीन अवस्थाका लागि प्रयोग गर्न सकिने गरी उक्त रकम मौज्दात रहेको जानकारी दिए ।

उनका अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब ८९ करोड २९ लाख रुपैयाँ, केन्द्रीय विपद् व्यवस्थापन कोषमा एक अर्ब २७ करोड ४७ लाख रुपैयाँ, प्रदेश विपद् व्यवस्थापन कोषमा ७९ करोड ४१ लाख रुपैयाँ मौज्दात रहेको छ ।

कोशीमा छ करोड, ९० लाखरुपैयाँ, मधेसमा ११ करोड ७८ लाख रुपैयाँ, बागमतीमा सात करोड ५८ लाख रुपैयाँ, गण्डकीमा २५ करोड रुपैयाँ, लुम्बिनीमा छ करोड ५० लाख रुपैयाँ, कर्णालीमा नौ करोड ५२ लाख रुपैयाँ र सुदुरपश्चिम प्रदेशमा ११ करोड ८९ लाख रुपैयाँ मौज्दात रहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका निमित्त कार्यकारी प्रमुख बाँस्तोलाले ७७ वटै जिल्लाका कोषमा ६९ करोड पाँच लाख रुपैयाँ मौज्दात रहेको जानकारी दिए । प्राधिकरणले यसवर्षको मनसुन पूर्वतयारी तथा प्रतिकर्याका लागि आवश्यक तयारी तीव्र गरिएको र विभिन्न निकायलाई जिम्मेवारीसमेत तोकेको उनले बताए ।

उनले भने, 'सबै क्लष्टरलाई आपतकालीन अस्वथाका लागि पूर्णतयारीसहित जिम्मेवारी तोकिसकिएको छ । विपद्का घटना भइहाले तत्काल परिचालन हुनेगरी सबै तयारीका काम सकिएको छ ।' कोषमा मौज्दात रहेको रकम आपतकालीन अवस्थामा आवश्यकता अनुसार तत्काल परिचालन हुने उनले बताए । रासस

# कर्णाली सरकारको नीति तथा कार्यक्रम सार्वजनिक

**कर्णाली ।**
कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको छैटौं अधिवेशन अन्तर्गत बुधवारको नवौं बैठकमा सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले कर्णाली सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरे ।

कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी एक साता अघि उपचारका लागि अमेरिका जानु भएकाले सुदूरपश्चिम प्रदेशका प्रमुख मियाँले नीति तथा कार्यक्रम प्रस्तुत गरे ।

कर्णालीको पूर्वाधार निर्माणका साथ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जडीबुटीको प्रवद्र्धनका साथै दशौँ राष्टिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न खेल व्यवस्थापनलाई प्राथमिकता राख्दै ११८ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

अधुरा आयोजनाको अध्ययन गरी लगानी गर्ने, वित्तीय अनुशासन र व्यवस्थापनका लागि आर्थिक प्रणालीमा सुधार ल्याउने उल्लेख गरिएको छ । शिक्षालाई श्रम, श्रमलाई सीप, सीपलाई रोजगारी र रोजगारीमार्फत आत्मनिर्भर नागरिक बनाउनेतर्फ जोड दिने, हुम्लाको सिमकोटलाई मानसरोवर तथा कैलाश पर्वतको प्रवेशद्वारका रूपमा विकास गर्ने नीति तथा कार्यक्रममा भनिएको छ । भेरी बबई डाइभर्सनबाट निस्कने विद्युतको रोयल्टी प्राप्तिका लागि पहल गर्ने, कर्णालीको कृषि विकास रणनीति कार्यान्वयन गरी कृषिलाई विविधिकरण, यान्त्रिकरण र आधुनिकीकरणमा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसैगरी, फलफूलखेती विकासका लागि स्याउ, ओखर र सुन्तला विकास बोर्ड गठन गर्ने, प्रदेशको बहुआयामिक गरिबी न्यूनीकरण, सीमा क्षेत्रमा क्वारेन्टाइन राख्ने, जेनजी पुस्तालाई आवश्यक सहयोग गर्ने, साईबर सुरक्षा विशेष कार्यक्रम, दुर्गममा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रम सार्वजनिक गरिएको छ ।रासस

# वर्तमान सरकारको प्राथमिकता स्थायित्व र आर्थिक विकासः परराष्ट्रमन्त्री




**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले वर्तमान सरकारको प्राथमिकता राजनीतिक स्थायित्व प्रदान गरी यसैका माध्यमबाट आर्थिक विकास गर्नु हो भनेका छन ।

सुदूरपश्चिम प्रदेश लगानी तथा विकास तयारी सम्मेलनलाई बुधवार धनगढीमा सम्बोधन गर्दै मन्त्री डा राणाले भनिन 'मुलुक राजनीति अस्थिरताको बन्दी बनेपछि स्थायित्व प्रदान गर्न दुई प्रमुख दल कांग्रेस र एमालेको सरकार बनेको हो । त्यसैले यो सरकारको प्राथमिकता स्थायित्व, आर्थिक विकास र शान्ति हो ।'

मन्त्री डा राणाले कुनै पनि देशमा स्वदेशी तथा वैदेशिक लगानीका लागि सबैभन्दा पहिला राजनीतिक स्थायित्व र शान्तिको वातावरण आवश्यक पर्ने भएकाले यसैका लागि वर्तमान सरकार कार्यरत रहेको धारणा पनि राखिन ।

कानुनमा सुधार गरेर हुन्छ या नयाँ नीति नियमहरू निर्माण गरेर लगानीमैत्री वातावरण निर्माण गरी स्वदेशी तथा विदेशी लगानी प्रवद्र्धनमा वर्तमान सरकार लागेको पनि उनले बताईन ।

मन्त्री डा राणाले सरकारको आर्थिक विकासको एजेण्डालाई थप प्रवद्र्धन गर्न आफूले परराष्ट्र मन्त्रालयमा अलग्गै आर्थिक कूटनीति महाशाखाको स्थापना गरेर कूटनीतिका माध्यमबाट विदेशी लगानी भित्र्याउने कामका लागि सहजीकरण गरिरहेको जानकारी पनि दिईन ।

मन्त्री डा राणाले कुनै पनि देशको आर्थिक विकासको इञ्जिन भनेको निजी क्षेत्र हो भन्ने मान्यतामा वर्तमान सरकार र आफ्नो पार्टी नेपाली कांग्रेस रहेको स्पष्ट गर्दै लगानीमैत्री नीति तथा कानुनहरू निर्माण गरेर बढीभन्दा बढी लगानीका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति सरकारले लिएको पनि बताईन ।

उनले भने, 'जुनसुकै लगानीका लागि पनि राजनीतिक स्थायित्व र शान्तिको वातावरण आवश्यक पर्दछ, यो स्वाभाविक हो । त्यस्तै कुनै पनि देशमा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न स्वदेशी लगानीकर्ताहरूलाई पनि उचित वातावरण आवश्यक पर्दछ । यो वास्तविकता बुझेर वर्तमान सरकारले काम गरिरहेको छ ।'

मन्त्री डा राणाले सुदूरपश्चिम पर्यटन, संस्कृति, कृषि उपजलगायत धेरै क्षेत्रमा धेरै सम्भावना बोकेको प्रदेश हो भन्दै सो क्षेत्रमा बढीभन्दा बढी लगानी गरेर मुनाफा लिन निजी क्षेत्रलाई आह्वान पनि गरे । साथै मन्त्री डा राणाले आफ्ना क्षेत्रमा ठूलो लगानी भित्र्याउनका लागि प्रदेश सरकार तथा स्थानीय नागरिकहरू पनि आफ्ना ठाउँबाट सशक्त रूपमा लाग्नुपर्ने धारणा राखे ।

उनले भने, 'यस क्षेत्रको विकासका लागि सबै एकजुट भएर लागौँ । विकासमा राजनीति शोभनीय हुँदैन । राजनीतिलाई आफ्ना ठाउँमा राखौँ र आफ्ना क्षेत्रको विकासका लागि एकमत बनाएर लागौँ ।रासस

# जुनसुकै बेला जेसुकै हुन सक्छ तयार भएर बस्नुहोस्ः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा जुनसुकै बेला जेसुकै हुन्छ भन्ने मानसिकतामा रहन नेपाल प्रहरीलाई निर्देशन दिएका छन । बुधवार सामाखुसीस्थित नेपाल प्रहरीको विपद् व्यवस्थापन कार्यालयको निरीक्षणका क्रममा गृहमन्त्री लेखकले यस्तो निर्देशन दिएका हुन ।

'जुनसुकै बेला जेसुकै हुन सक्छ । त्यो मानसिकताका साथ बस्नुपर्छ । मनसुनजन्य विपद्को पूर्वानुमान हुन्छ । तर, भूकम्प र आगलागीको पूर्वानुमान हुँदैन', उनले भने, 'हामी मनसुनको पूर्वसन्ध्यामा छौँ । मनसुन सक्रिय भएपछि बाढी र पहिरो आउँछ । त्यसको पूर्वतयारीमा हामी तयार रहनुपर्छ ।' विपद्को व्यवस्थापन पनि नेपालको जिम्मेवारी दिएको भन्दै चौबिसै घण्टा तयार रहन गृहमन्त्री लेखकले निर्देशन दिए ।

'विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन नेपाल प्रहरीको जिम्मेवारी हो भनेर कानुनमै उल्लेख छ । नेपाल प्रहरीको उपस्थिति नागरिक तहमा विशाल छ । मानिसमा प्रहरीप्रति आशा र भरोसा बढ्दो छ । विपदमा मानिसले सबैभन्दा पहिलो प्रहरी नै खोज्छ । हामीले जनताको भावनालाई सेवाको भावले सम्बोधन गर्नुपर्छ', उनले भने ।

अहिले बाढी, पहिरो र डुबानको जोखिम न्यूनीकरण र व्यवस्थापनको तयारी अवस्थामा रहनुपर्ने उनको भनाइ थियो । 'मनसुनजन्य विपद्का लागि आजदेखि तयार हुनुप¥यो । समयमै पूर्वसूचना गराउन र उद्धारका लागि तयार अवस्थामा बस्न जरूरी छ । जेठ २८ गतेदेखि मनसुन सक्रिय हुने अनुमान छ', उनले भने ।

यसपटक पहिलेकोभन्दा नेपाल प्रहरीको बजेट बढेको भन्दै तलब, पोशाक, महँगी भत्तामा कुनै समस्या नहुने उनको भनाइ थियो । यस्तै नेपाल प्रहरीको ऐन संशोधनका लागि सङ्घीय संसद्को राज्यव्यवस्था तथा सुशासन समितिमा चाँडै छलफल सुरू हुने गृहमन्त्री लेखकले बताए । रासस

# पर्यटक आकर्षणको केन्द्र बन्दै ‘ढोरपाटन जलजला’



**बागलुङ ।**
पाँच वर्ष अगाडिसम्म जलजला ओझेलमा थियो । फाट्टफुट्ट आन्तरिक पर्यटक पुगे पनि चर्चामा आउन थालेको थिएन । तर, पछिल्लो समय जलजला पुग्ने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेको छ । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने जलजलामा दैनिकजसो पर्यटक पुग्न थालेका हुन् ।

ढोरपाटन उपत्यकाबाट घना जङ्गल र ठूला जंघार पार गर्दै जलजाल पुग्न सकिन्छ । शान्त वातावरण र आँखै अगाडि देखिने हिमश्रृङ्खला हेर्नका लागि पर्यटक जलजला जाने गर्छन् । ढोरपाटन उपत्यकादेखि २२ किलोमिटर पूर्वमा रहेको जलजलामा बाह्रै महिना पर्यटक पुग्ने गरेका हुन् । ढोरबराह मन्दिर दर्शन गर्न पुग्ने दर्शनार्थीसमेत यहाँ पुग्न गरेका छन् । बर्खामा हरियाली र हिउँदमा हिउँसँग रमाउने पर्यटकका लागि जलजला उत्कृष्ट गन्तव्य बनेको छ ।

पहिले असोजदेखि आन्तरिकसहित बाह्य पर्यटक जलजला पुग्ने गरे पनि पछिल्लो समय बाह्रै महिना यहाँ आउने गरेको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिए । ढोरपाटन उपत्यकादेखि १८ किलोमिटर सवारी साधन र चार किलोमिटर पैदल यात्रामा जलजला पुग्न सकिने उनको भनाइ छ ।

केही वर्ष अगाडिसम्म ओझेलमा रहेको जलजला प्रचारप्रसार र सडक सञ्जालले जोडिन थालेपछि पर्यटकको आकर्षण बढेको पुनले बताए । यो याममा दैनिक जलजला जाने पर्यटकको सङ्ख्या बढिरहेको उनको भनाइ छ । मासिक रुपमा तीन हजारको हाराहारीमा पर्यटक जलजला पुग्ने अध्यक्ष पुन बताउछन ।

जलजलाको प्रचारप्रसार बढी भएर होला, अहिले टाढा–टाढाबाट पर्यटक आउन थालेका छन्, ढोरपाटन उपत्यकाबाट बाटो सहज बनेको छ, शान्त वातावरण, अनगिन्ती हिमशृङ्खला र प्रकृतिसँग रमाउन चाहनेहरु जलजला आउँछन’, अध्यक्ष पुनले भन, ‘पहिले फाट्टफुट्ट मात्रै पर्यटक जलजला पुग्थे, तर हिजोआज धेरै जान थालेका छन्, ढोरपाटनबाट बिहान गएर साँझ फर्किन सकिन्छ, यहाँबाट देखिने हिमशृङ्खलाले धेरैलाई आकर्षित गर्छ ।’

यति बेला गर्मी बढेको हुँदा तराईबाट पनि घुम्न आउने बढी छन् । समुद्री सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा रहेको जलजलाबाट धौलागिरी, माछापुच्छ«े, अन्नपूर्ण, मानापाथी, पुथा, चुरेन, गुर्जा, निलगिरीलगायत दुई दर्जन बढी हिमाल एकै ठाउँमा उभिएर नजिकै देख्न सकिने पुन बताउछन । पर्यटकको सङ्ख्या बढेपछि होलट व्यवसायसमेत फस्टाउन थालेको उनको भनाइ छ । ढोरपाटन आउने पर्यटकलाई अघिल्लो दिन नै होटलका लागि सम्पर्क गरेर आउन अध्यक्ष पुनले आग्रह गरे ।

भैरहवाबाट ढोरपाटन आउनुभएका सुदीप सुवेदीले जलजला निकै सुन्दर रहेको बताए । तराईमा अत्याधिक गर्मी हुँदा एक साताका लागि ढोरपाटन घुम्न आएको सुनाउँदै जलजला पुग्दा शीतलता प्राप्त भएको उनको भनाइ छ । जलजलालाई प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको भन्दै जलजलासम्म पुग्ने सडकलाई सहज बनाउन सके पर्यटक बढ्ने सुवेदीले बताए ।

उनले भने, ‘तराईमा निकै गर्मी छ, केही दिन भए पनि शीतलता लिनका लागि ढोरपाटन जाउँ भनेर आएका थियौं, यहाँ आएपछि होटल व्यवसायी दाईहरुले जलजलासम्म पुग्नु भने, सुरुमा त खास्सै जान मन थिएन, पछि साथीहरुसँग त्यहाँ पुग्दा निकै मन फुरुङ्ग भयो, अहिलेसम्म मेरो जीवनकालमा यति धेरै हिमाल एकै ठाउँबाट देखेको थिएन, यो ठाउँ साँच्चिकै स्वर्गभन्दा कम छैन ।’

पोखराबाट घुम्न आउनुभएका नितेश तामाङले जलजला क्षेत्र निकै मनमोहक रहेको बताए । बुर्तिबाङ बजारदेखि ढोरपाटनसम्मको सडकमा जोखिमपूर्ण यात्रा गर्दा डर लागे पनि जलजला पुग्दा छुट्टै आनन्द आउने उनको भनाइ छ । राज्यले सडक र पदमार्गलाई व्यवस्थित गर्न सके बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन सकिने तामाङ बताउछन । ढोरपाटनसम्म पुग्ने सडक मात्रै व्यवस्थित हुन सके जलजलामा पर्यटकको भिडभाड बढ्ने उनको भनाइ छ ।

पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक जलजलासँगै बर्खामा बुकीपाटन पनि पुग्ने गरेका छन् । उपत्यकादेखि करिब साढे चार घण्टाको पैदल यात्रमा पुग्न सकिने बुकीपाटन निकै मनमोहक छ । साँघुरो र अप्ठ्यारो पदमार्ग हुँदै पर्यटक बुकीपाटन पुग्ने गरेका छन् । यस वर्ष उद्योग तथा पर्यटन कार्यालय बागलुङले पाखाथरदेखि गर्पाछेडासम्म तीन किलोमिटर पदमार्ग निर्माण गरिरहेको छ ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको २० लाख रुपैयाँ मा पदमार्ग निर्माण भइरहेको उद्योग तथा पर्यटन कार्यालयका प्रमुख पारसिंह थापाले जानकारी दिए । पर्यटकलाई बुकीपाटन पुग्न सहज होस् भन्ने उद्देश्यले पदमार्ग निर्माण गर्न थालिएको उनको भनाइ छ ।रासस

# आइपीएल बिजेता बैंग्लुरुले २० करोड लैजादाँ अरूले कति पाए रकम ?




**काठमाडौं ।**
इन्डियन प्रिमियर लिग (आईपीएल) २०२५ मा नयाँ च्याम्पियन बनेको छ । रोयल च्यालेन्जर्स बैंग्लोर (आरसीबी) ले पञ्जाब किंग्सलाई ६ रनले पराजित गर्दै १८ औं सिजनको उपाधि जितेको हो ।

आरसीबीले पहिलो पटक आईपीएलको उपाधि जितेको भएपनि पञ्जाबको ट्रफी जित्ने धेरैको अपेक्षा थियो तर नतिजा उल्टो भयो । उपाधि जिते पछि आरसीबीले २० करोडको विजेता ट्रफीसहितको पुरस्कार पाएको छ भने जबकी उपविजेता पञ्जाव किंग्सले १२.५ करोडमा सन्तुष्ट हुन बिबश भयो । तेस्रो स्थानमा रहेको मुम्बई इन्डियन्सले ७ करोड र चौथो स्थानमा रहेको गुजरात टाइटन्सले ६ करोड ५० लाख रुपैयाँ प्राप्त गरेको छ ।

अरूण जेटली स्टेडियमले पिच एन्ड ग्राउन्ड अवार्डमार्फत ५० लाख पाउँदा प्लेअर अफ दि टुर्नामेन्ट सुर्यकुमार यादव भए, उनले १५ लाख पाए ।

सिजनमा सर्वाधिक ७५९ रन बनाउने गुजरातका साई सुदर्शनले ओरेन्ज क्यापसहित १० लाख रूपैयाँ पाए भने सर्वाधिक २५ विकेट लिने प्रसिद्ध कृष्णले पर्पल क्यापसहित १० लाख रूपैयाँ पाए । १४ वर्षीय वैभव सूर्यवंशी सिजनको सुपर स्ट्राइकर चुनिए ।गुजरातका ओपनर साई सुदर्शनले अधिकतम व्यक्तिगत अवार्ड पाए ।

ओरेन्ज क्याप बाहेक उनले अल्टिमेट फ्यान्टेसी प्लेयर अफ द सिजन, इमर्जिङ प्लेयर अफ द सिजन र मोस्ट बाउन्ड्री (चौका) को अवार्ड पनि पाए। सबैभन्दा बढी चौका हान्ने मुम्बईका सूर्यकुमार यादव प्रतियोगिताका मोस्ट भ्यालुएबल प्लेयर बने भने सबैभन्दा बढी छक्का हान्ने निकोलस पुरन, ग्रिन डाट बाल मोहम्मद सिराज र कैच अफ दी सिजन कमिंदु मेंडिसले पाए । सबैले १०–१० लाख रकमसमेत प्राप्त गरे ।एजेन्सी

# पर्वतमा जेठदखि नै धान र कोदो रोपाइँ



**पर्वत ।**
मनसुन सक्रिय बनेसँगै पर्वतमा जेठ तेस्रो सातादेखि नै धान र कोदोको रोपाइँ सुरु भएको छ । जिल्लाका उच्च पहाडी भूभाग तथा सिमसार क्षेत्रमा धान रोपाइँ सुरु भएको हो भने अन्य स्थानमा कोदो रोपाइँ सुरु भएका छ । गत वर्ष लामो समयसम्म खडेरी पर्दा समयमा धान रोप्न नपाएका कृषकले यस वर्ष भने मध्य जेठमा नै धान र कोदो रोपाइँ सुरु गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

कुश्मा नगरपालिका, मोदी गाउँपालिका, महाशिला गाउँपालिका र जलजला गाउँपालिकाको खाली रहेका क्षेत्रमा कृषकहरूले धानखेती सुरु गरेका छन् । मनसुन समयमा नै भित्रिएको र केही समय ढिलाइ गरेर धान रोपाइँ कार्य सुरु गर्दा जनशक्तिको अभाव हुने भएकाले पनि सुरुमा नै रोपाइँ सुरु गरिएको कुश्मा–१४ आर्थरडाँडाखर्कका कृषक चन्द्रबहादुर क्षेत्रीले बताए ।

पर्वतमा सात हजार ६२८ हेक्टर क्षेत्रफलमा वर्खे धान रोपाइँ हुने गरेको छ । उच्च पहाडी, मध्य पहाडी र समथर भूभाग समेटेको पर्वतमा विशेषत सावित्री, राम धान, च्याम्पियन, मकवानपुर, आपझुत्ते, मानिसरा, मनसुली, अनदी, कालो मसिनो, यूएस, महाराजा, होलसी, बहुबुडी, हर्दिनाथ, जेठो बूढो, पहेँले, गुर्दी, एक्ले, खुमल, गौरिया, झिनुवा, बिरमफूल, पोखरेली जेठो बूढो, गुर्जा, लुम्ले, माछापुच्छ्रे, जर्नेली, सुगन्ध, हाइब्रिडलगायतका जातका धान लगाउने गरिएको छ ।

गत वर्षको तथ्याङ्कअनुसार जिल्लामा २७ हजार मेट्रिक टन धान उत्पादन भएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सोविता सुवेदीले जानकारी दिनुभयो । धानखेती हुनेमध्येको ३६ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइको प्रबन्ध रहेको भए पनि त्यो सबै क्षेत्रमा पनि सबै समयमा पानी उपलब्ध नहुने अवस्था रहेको सुवेदीले बताए ।

फलेवास नगरपालिका, पैयुँ गाउँपालिका, जलजला गाउँपालिका र कुश्मा नगरपालिकामा धेरै धानखेती हुने गरेको छ । धानसँगै कोदो रोपाइँमा समेत कृषकलाई भ्याइनभ्याइ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कतिपय ठाउँमा कोदो रोपाइँ सकेपछि मात्र धान रोपाइँ सुरु गरिन्छ । रासस

# पक्की सडकले सुगम बने पर्वतका ग्रामीण बस्ती

**पर्वत ।**
कुनै समय थियो, सरकारी वा गैरसरकारी निकायका कर्मचारीको पर्वत जिल्लामा सरुवा भयो भने आउन मान्दैनथे । पर्वत भनेको डाँडाकाँडा मात्रै भएको विकट जिल्ला होला, सडक सुविधा छैन होला भन्ने आम सोच थियो ।

विंस २०४८ तिर जिल्लामा तत्कालीन भूपि शेरचन राजमार्गको रुपमा पोखरा–बागलुङ राजमार्ग विस्तार भयो । जसले सदरमुकाम कुश्मा बजारलाई जोड्यो । तर बागलुङबाट छुट्ने सबै सवारीसाधनमा पर्वत वा कुश्मा भनेर लेखिएको हुँदैनथ्यो । बागलुङ र म्याग्दी भन्ने मात्रै हुन्थ्यो ।

यति मात्र हैन कुनै बेला मकै, घ्यू, चामल, महलगायत स्थानीय उत्पादनको भारी बोकेर पैदल हिँड्दा पाँच दिनसम्मको यात्रा गरेर बुटवल पुगिन्थ्यो । आफूले लगेको वस्तुसँग नुन, चिनी, चियापती जस्ता वस्तु साटेर फेरि पाँच दिनको पैदल यात्रा गरेर फर्किन्थ्यो । उतिबेला निकै दुःख थियो, सडक, बिजुली भन्ने कुरा कल्पनासमेत गरिएको थिएन ।

बिहादी गाउँपालिका–२ बर्राचौरका ८३ वर्षीया इन्द्रप्रसाद पराजुलीले चार दशकअघिका दुःख सम्झिँदै भने, ‘नुन बोक्न जाँदा कतिपय बाटोमै बित्थे, भीरबाट लडेर अङ्गभङ्गसमेत हुन्थ्यो, ‘म पनि कैयौँ पटक नुनको भारी बोक्न आफन्तसँग गएको थिए । अहिलेको यो परिवर्तन देख्दा र ती कहाली लाग्दा दिन उमेर सम्झेर अचम्म लाग्छ ।’

विकासले पिछडिएर जिल्लाकै कालापानी भनेर परिचित दक्षिण पर्वतका तीन पालिकाको अवस्था अहिले निकै फरक भइसकेको छ । उत्तर–दक्षिण जोड्ने सबैभन्दा छोटो मार्ग कालीगण्डकी करिडोर विस्तारपछि कालापानीको परिचय फेरिएर सुगम क्षेत्र बन्न पुगेको छ ।

पर्वत जिल्लामा सङ्घीयताअघि नै तत्कालीन ५५ वटै गाविसमा सडक सञ्जालले छोएको थियो । वडा तहसम्म सडक सञ्जाल फैलिए हिउँदका केही महिना मात्र मुस्किलले यातायातको सुविधा पाइन्थ्यो । वर्षायाम लागेपछि ती सडकहरु ठप्प नै हुन्थे । समयमा मर्मत हुँदैनथ्यो, बजेट कम हुन्थ्यो ।

विसं २०६५ पछि दोविल्ला–फलेवास सडक र कुश्मा–दुर्लुङ्ग सडक तत्कालीन ग्रामीण पूर्वाधार विकास आयोजनामार्फत स्तरोन्नति थालियो । केही ग्रामीण सडक सञ्चालनमा आए । उत्तर–दक्षिण जोड्ने कालीगण्डकी करिडोर पर्वत हुँदै ट्र्याक खोल्न सुरु गरेपछि जिल्लाको कालापानी भनेर चिनिने दक्षिण पर्वतको विहादी र पैयुँ गाउँपालिकामा पनि सडकका पहुँच पुग्न थाल्यो । वर्षायामा नभए पनि हिउँदका महिनामा ग्रामीण क्षेत्रका नागरिकले सडक सुविधा पाउन थाले ।

अहिले पर्वतको परिचय पहिलेको जस्तो छैन । पर्वत सुगम जिल्लाको रुपमा परिचित छ । सङ्घीयता कार्यान्वयनसँगै तीनै तहका सरकारको पहलमा जिल्लाका सबै टोल बस्तीमा सडकको पहुँच पुगेको छ । सडकबाट घरसम्म जानका लागि जस्तोसुकै विकट बस्तीका नागरिकलाई पाँचदेखि १० मिनेटभन्दा बढी हिँड्नुपर्ने अवस्था नरहेको जिल्ला समन्वय समिति पर्वतका प्रमुख विष्णुराम विक बताउछन ।

पर्वतका सबै टोल बस्तीमा सहज रुपमा सडकको पुहँुच पुगिसकेको छ । जिल्लाका सातवटै स्थानीय तहसम्म कालोपत्रे सडकको सुविधा छ भने अधिकांश वडा कार्यालयसम्म कालोपत्रे सडकले छोएको अवस्था छ । आसपासका छिमेकी जिल्लाको तुलनामा पर्वत सडक पूर्वाधारमा उल्लेख मात्रामा विकास भएको विकको भनाइ छ ।

सडक सुविधा नहुँदा ग्रामीण क्षेत्रमा फलेका अन्नपात हुन वा बोटमा लटरम्म फलेका सुन्तला हुन बारीमै कुहाउनुपर्ने कुनै समयको बाध्यता थियो । तर अहिले हरेक कृषकको बगँचासम्मै सडकको पहुँच पुगेको छ ।

जिल्लाको महाशिला–२ भोक्सिङका जीतबहादुर गुरुङ सडकको पहुँच पुगेसँगै फुरुङ बन्नुभएको छ । विसं २०६७ देखि १२ रोपनी क्षेत्रफलमा सुन्तला फलाएका गुरुङले दुई वर्षअघिदेखि बारीबाटै सुन्तला बिक्री गर्न पाएकोमा हर्षित छन ।

ग्रामीण सडक सञ्जालले गाउँलाई जोडेपछि फलेवास–१० कुर्घाका देवेन्द्र शर्मासहितका दर्जनौँ किसानको दुई वर्षयता सुन्तलालगायतका तरकारी तथा फलफूल बेचेर मनग्गे आम्दानी गर्न सफल भएका छन् । दैनिक एक हजार पाँच सय लिटर दूध पोखरा पठाउँदै आएका शर्मासहितका किसानले यसअघि सडक समस्याका कारण सास्ती खेप्दै आएका थिए ।जीतबहादुर र शर्माजस्तै कैयौँ किसानको उत्पादन अहिले गाउँबाट सिधैँ सहरसम्म पुग्ने गरेको छ । स्थानीय सरकारको सक्रियता र तीन तहको सरकारको विकासमा होडबाजी चलेका कारण पछिल्लो आठ वर्षयता पर्वतका ग्रामीण सडक स्तरोन्नति हुने क्रम तीव्र रूपमा अघि बढेको छ ।

तत्कालीन जिल्ला विकास समितिकै तथ्याङ्कअनुसार पर्वतमा विसं २०७३ सम्म करिब दुई हजार दुई सय किलोमिटर सडकको कच्ची ट्र्याक खुलेको थियो । तर अहिले यसको दुरी बढेर दुई हजार छ सयको हाराहारीमा छ । चार सय ९४ वर्ग किलोमिटरमा फैलिएको पर्वत जिल्लामा सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहले ती सडकको स्तरवृद्धिमा लगानी गरिरहेका छन् । प्रदेश र केन्द्रमा पहुँच हुने पालिका प्रमुखले मुख्य सडक स्तरवृद्धि तथा कालोपत्रको काम तीव्ररूपमा अघि बढाउँदै गएपछि अहिले जिल्लाका अधिकांश वडामा गुणस्तरीय सडकको पहुँच विस्तार भएको छ ।

कुश्मा नगरप्रमुख रामचन्द्र जोशीका अनुसार नगरका सबैजसो वडामा कालोपत्र सडक पुगेको छ। ‘कच्ची सडकले नछोएको कुनै बस्ती छैन’, उनले भने,‘कालेपत्र हुन बाँकीमा पनि चाँडै काम हुन्छ ।’

जिल्लाको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालका अनुसार पालिकाका सबैजसो वडामा बाह्रै महिना सवारी सञ्चालन हुने गरी सडक स्तरोन्नति गरिएको छ । ‘मुख्य सडक प्रदेश र केन्द्रको प्राथमिकतामा परेका छन’, उनले भने, ‘केही ग्रामीण सडक हामीले कालोपत्रे गरेका छौँ, प्राथमिकताका आधारमा अब टोलटोलमा विस्तार जाने तयारी गरेका छौँ ।’

एक घर एक रोजगार, एक घर एक टनेललगायतका कार्यक्रम सफल कार्यान्वयन गरेको महाशिलाले किसानको उत्पादन बजार पु¥याउन सडक सञ्जालको स्तरोन्नतिमा ध्यान दिएको उनले बताए । महाशिलामा एक सय ८३ किलोमिटर ग्रामीण सडकमध्ये २१ किलोमिटर कालोपत्र भएको छ ।

पर्वतका सातै पालिकाको तथ्याङ्कअनुसार हालसम्म करिब चार सय किलोमिटर ग्रामीण सडक कालोपत्रे भइसकेको छ । त्यसबाहेक करिब ५० किलोमिटर सडक ढलान छ । भिरालो र ओसिलो क्षेत्रको सडक कालोपत्र गर्दा टिकाउ नहुने भएकाले ढलान गर्नुपरेको प्राविधिकको भनाइ छ । पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख सन्तोष अर्यालका अनुसार गत वर्ष २० किलोमिटर सडक कालोपत्र भएको थियो । यस वर्ष १२ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेको छ । डेढ सय किमी सडक कालोपत्र गर्ने गरी ठेक्का सम्झौता भएकोमा केही सम्पन्न भएको छ भने केही सडक निर्माणाधीन अवस्थामा रहेका छन् ।

ग्रामीण भेगमै पर्ने कालीगण्डकी करिडोर (लोकमार्ग) को काम तीव्र रूपमा भइरहेको छ । बिहादी र फलेवास नगरपालिकाका अधिकांश वडामा गतवर्ष नै कालोपत्रेसहितको राजमार्गको पहुँच पुगेको छ । लोकमार्गअन्तर्गत पर्वतको सेतीवेणीदेखि अर्मादीसम्म ४३ किलोमिटर सडकको काम धमाधम भइरहेको छ । त्यसैगरी फलेबास–अर्मादी सडकखण्डको १४ किलोमिटर भने निर्माण कम्पनीको लापरबाही कारण समयसमा काम नहुँदा कालोपत्रेको काम अगाडि बढाउन सकिएको छैन । उक्त खण्डमा समयमा काम नहुँदा कालोपत्रेको कामको टेन्डर आह्वान हुन नसकेको र चालु आर्थिक वर्षमा बजेट सुनिश्चितता नभएको कार्यालयले जनाएको छ ।

जिल्लाका ६१ वटै वडाका हरेक टोलटोलमा सडक सुविधा पुगेको पर्वतमा नयाँ ट्र्याक खोल्नेभन्दा भइरहेका पुराना सडकलाई स्तरोन्नति र कालोपत्र गर्नतर्फ बजेट केन्द्रित गर्नुपर्ने सरोकारवालाहरुको भनाइ छ । पर्वतमा सडक पूर्वाधारका लागि गण्डकी प्रदेश सरकारवाट चालु आर्थिक वर्षमा ९४ करोड बिनीयोजन भएको छ भने सङ्घीय सरकारबाट केही मुख्य सडकहरु स्तरोन्नतिका योजना सञ्चालनमा रहेका छन् । सङ्घीय योजनाहरु बागलुङमा रहेको सघन सहरी बिकास तथा भवन निर्माण आयोजनामार्फत कार्यान्वयन हुने भएको छ ।

पुष्पलाल मध्यपहाडी लोकमार्ग र कालीगण्डकी लोकमार्गले घेरिएसँगै पर्वत जिल्लाको विकासक्रमले विस्तारै गति लिँदै गएको छ । सुविधा सम्पन्न सडक, विद्युत, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्यको पहुँच ग्रामीण क्षेत्र केन्द्रित बन्दै गएको छ तर ग्रामीण क्षेत्रहरु खाली हुँदै गइरहेको अवस्था छ । अब राज्यका तीनै तहका सरकारहरुले नागरिकलाई स्वरोजगारमुखी र आत्मनिर्भरमुखी कार्यक्रम ल्याउन सकेमा मात्र दिगो र समुचित विकास हुने संविधानसभा सदस्य विकास लम्सालले बताए ।रासस

# जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिनुपर्ने



**काठमाडौँ ।**

राष्ट्रपति रामचन्द्र पौडेलले जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिनुपर्ने बताएका छन् ।

जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा बुधवार शुभकामना सन्देश जारी गर्दै उनले उक्त कुरा बताएका हुन् ।

यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको कामना गर्दै राष्ट्रपतिले जातीय विभेद सामाजिक, नैतिक तथा मानवीय गरिमा विरुद्धको अपराध हो भनेका छन् ।

सन्देशमा उनले सामाजिक जागरण र सबैमा समभावको विकास गर्न सबै जात–जाति र समुदायबीच आपसी सद्भाव, मेलमिलाप र सहयोगको भावना अभिवृद्धि गरी समतासहितको राष्ट्रिय एकतालाई सुदृढ बनाउन र जातीय छुवाछूत तथा विभेदविरूद्ध दृढतापूर्वक उभिदैँ लोकतान्त्रिक राज्य प्रणालीलाई सार्थक बनाउनुपर्नेमा जोड दिएका छन् ।

छुवाछूत तथा विभेदविरूद्ध लाग्न राष्ट्रपतिले सम्पूर्ण व्यक्ति, परिवार, समाज, तीनवटै तहका सरकारी निकाय, राजनीतिक दल, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी सङ्घसंस्था, नागरिक समाज र सञ्चारकर्मीलाई अझ बढी संवेदनशील हुन आह्वान गरेका छन् ।

‘नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवद्र्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ,’ सन्देशमा भनिएको छ ।

जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसले आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा जातीय आधारमा हुने सबै प्रकारका विभेद तथा उत्पीडनको क्रमशः अन्त्यका लागि महत्वपूर्ण आधार निर्माण गर्न सम्बन्धित निकायहरूलाई प्रेरणा दिने विश्वास पनि राष्ट्रपतिले सन्देशमा व्यक्त गरेका छन् ।

सोच, शैली, प्रथा एवं सामाजिक प्रचलन तथा व्यवहारमा सकारात्मक परिवर्तन ल्याई आपसी एकता, मेलमिलाप तथा सद्भावको अभिवृद्धिबाट सामाजिक व्यवहारमा रहेको जातीय भेदभाव तथा छुवाछूतजन्यलाई घटाउन सकिने विचार व्यक्त गर्दै राष्ट्रपति पौडेलले सन्देशमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसबाट सुसंस्कृत र छुवाछूतरहित समतामूलक समृद्ध राष्ट्र निर्माण गर्न सबैलाई प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गरेका छन् ।

विसं २०६३ जेठ २१ गते सरकारले मुलुकलाई ‘जातीय छुवाछूत मुक्त राष्ट्र’ घोषणा गरेको दिनको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गतेलाई ‘जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवस’का रूपमा मनाउन थालिएको हो । रासस

# धुलिखेल–खावा सडकः पुनःठेक्कामा जान अर्थको सहमति कुर्दै सडक डिभिजन

**काभ्रेपलाञ्चोक ।**

सडक डिभिजन कार्यालय भक्तपुर अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित निर्माणाधीन धुलिखेल–खावा सडकखण्डको स्तरोन्नतिकार्यका लागि पुनःठेक्का आह्वान गर्न अर्थ मन्त्रालयको सहमति कुरेर बसेको छ । चार किलोमिटर उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण व्यवसायीले उच्च अदालत पाटनमा मुद्दा हालेका थिए ।



सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी–पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो । उक्त सडकखण्डको ठेक्का रद्द गरेपछि अदालत गएका व्यवसायीको मुद्दामा केही दिनपछि अदालतले निर्माण कम्पनीलाई कालो सूचीमा राख्ने, धरौटी रकम जफतलगायत ‘कार्वाही नगर्न तथा हालको जुन अवस्थामा रहेको छ, सोही अवस्थामा राख्न’ अन्तरिम आदेश दिएपछि खण्डखण्डको काममा अन्योलता छाएको थियो ।

अदालतको आदेशले पुनःठेक्का खोल्न कुनै बाधा नपर्ने कार्यालयका प्रमुख डिजिनल सिनियर इन्जिनियर सुमन योगेशले बताए । उनका अनुसार सडक डिभिजन कार्यालय अर्थ मन्त्रालयको सहमति कुरेर बसेको छ । ‘ठेक्का प्रक्रियाको सम्पूर्ण तयारी सकिएको छ, मन्त्रालयको सहमति आउने बित्तिकै ठेक्का खोल्छौँ, यसअघि मन्त्रालयका बजेटको तयारीमा लाग्दा यस विषयमा केही ढिला भएको हुनसक्छ’, योगेशले भने ।

जिल्ला सदरमुकाम धुलिखेलदेखि–खावासम्मको सडक विस्तारको काम उक्त कम्पनीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार ५०१ रुपैयाँ मा ठेक्का लिएको थियो । ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन । पछिल्लो वर्षदेखि उक्त सडकखण्डको निर्माणको काम ठप्पप्राय नै थियो ।

कार्यालयका अनुसार कम्पनीले लिखित स्पष्टीकरण दिए पनि सन्तोषजक, भरपर्दो विश्वसनीय नदेखिएपछि ठेक्का रद्द गर्ने निष्कर्षमा पुगिएको थियो ।

हालसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन–वाल लगाउने काम गरिएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । गत जेठमा धुलिखेलतर्फबाट बेश, सब–बेश हाल्ने काम सुरु गरिए पनि पटकपटकको वर्षामा सबै बगाएर खण्डहरझैँ बनाएको थियो ।

समयमै निर्माण सम्पन्न नहुँदा सो राजमार्ग भएर गुड्ने सवारी साधनका यात्रुले दुई वर्षदेखि निकै सास्ती खेप्दै आउनुपरेको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनःनिर्माणका लागि भत्काइएको सडकमा सयौँ दुर्घटना हुँदा यात्री घाइते हुने गरेका छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल–खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाइ कालोपत्र गर्न लागिएको थियो ।

उक्त सडकमा गुड्ने मालवाहक सवारी साधनको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन कार्यालयले नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने योजना बनाएको थियो । अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा दोलखा, रामेछाप पुग्ने यही सडक हो । रासस

# सुनकोशी मरिण डाइभर्सनको काम द्रुत गतिमा

**रामेछाप ।**

सुनकोशी नदीमा गत असोज १२ गते आएको बाढीका कारण सुस्त गतिमा काम भइरहेको रामेछाप र सिन्धुलीको सिमानामा निर्माणाधीन सुनकोशी मरिण डाइभर्सनको काम हिजोआज द्रुत गतिमा हुन थालेको छ ।

यही जेठ १८ गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले आयोजना को स्थलगत निरीक्षण गरी निर्धारित समयमै काम सक्न सम्बन्धित कर्मचारी र निर्माण व्यवसायीलाई निर्देशन दिएपछि यो आयोजनाको काम द्रुत गतिमा हुन लागेको हो ।



अनुगमनका क्रममा मन्त्री खड्काले निर्माण व्यवसायीलाई लक्ष्य प्राप्तिका लागि काम नगरे सरकारले अर्को बाटो पनि रोज्न सक्ने भन्दै जानकारी गराउनुका साथै काम छिटो भए भुक्तानी पनि छिटो हुने भनेपछि काम दुरत गतिमा अगाडि बढिरहेको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको उक्त आयोजनाका लागि १३ दशमलव दुई किलोमिटर सुरुङको काम सम्पन्न भइसकेको छ भने हेडबक्सको काम २० प्रतिशत मात्र भएपछि त्यसलाई बढाएर छिटो सम्पन्न गर्ने गरी निर्माण व्यवसायी लागेका हुन् ।

गत असोजमा सुनकोशी नदीमा आएको बाढीले निर्माणाधिन हेडबक्सको काममा धेरै क्षति पुर्याएपछि त्यसभन्दा यता सुस्त गतिमा काम अगाडि बढिरहेको थियो । पट्टेल रमण ज्वाइन्ट भेन्चरद्वारा निर्माणाधिन उक्त आयोजनाको हेडबक्स निर्माणका लागि काम भइरहेको भए पनि बिलअनुसारको भुक्तानी नभएको, निर्माणाधीन काममा बाढी पसेर निकै नोक्सानी पुर्याएकाले म्यादभित्र कार्य सम्पन्न गर्न नसकिने निर्माण व्यवसायी रमण पट्टेलले बताएका थिए । तर, अब सबै माग पूरा हुने मन्त्रीको आश्वासनपछि कामलाई तीव्रता दिएको पनि उनले बताए ।

यो आयोजना सम्पन्न भएपछि तराइका आठभन्दा बढी जिल्लाको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ हुने, ३२ मेघावाट विद्युत् उत्पादन हुने र कूल पानीको १० प्रतिशत पानी खानेपानीका रुपमा प्रयोग हुने बताइएको छ । कूल १४ अर्ब रुपैयाँको यो आयोजनामा एक अर्ब २० करोड रुपैयाँ खर्च भइसकेको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जिव बरालले बताए । अहिले रामेछापको मन्थली नगरपालिका स्थित वडा नं ६ सेलेघाटमा ड्याम (हेडबक्स)को निर्माण काम भइरहेको छ । रासस

# दोर्दी र मर्स्याङ्दी गाउँपालिकामा व्यावसायिक खुर्सानीखेती

**लमजुङ ।**

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङमा एक हजार रोपनी क्षेत्रफल जमिनमा अकबरे खुर्सानीखेती गरिएको छ । दोर्दी गाउँपालिकामा ७०० र मर्स्याङ्दी गाउँपालिकामा ३०० रोपनी गरी उक्त क्षेत्रफलमा खुर्सानीखेती गरेको हो ।



गाउँपालिकाको प्राविधिक सहयोग र अनुदानमा दुई पालिकाका किसानले व्यावसायिक रुपमा अकबरे खुर्सानीखेती गरेका हुन् । गाउँपालिकाले चालु आर्थिक वर्षमा अकबरे खुर्सानीखेतीका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । कृषि सहकारी उत्पादन तथा बजारीकरण, सुदृढीकरण कार्यक्रमअन्तर्गत अकबरे खुर्सानीखेतीका लागि विनियोजित बजेटबाट खुर्सानीखेतीका लागि सहयोग गरिएको गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताए । उनका अनुसार व्यावसायिक खेती गर्ने कृषकलाई पालिकाले प्राविधिक सहयोगसँगै मल्चिङ, खुर्सानीको बीउमा ५० प्रतिशत अनुदान दिएको छ ।

गाउँपालिकाका अनुसार यसअघि गत वर्ष दोर्दी गाउँपालिका–४ बाँसबोट, कामचोक र साँधिखोला गाउँमा किसानले व्यावसायिक रुपमा अकबरे खुर्सानीखेती गरेका थिए । परम्परागत रुपमा कोदोखेती गर्दैआएको जमिनमा खुर्सानीखेती गरेका किसानहरुले राम्रो आम्दानी गरेपछि यसवर्ष पालिकाले खुर्सानी पकेट क्षेत्र विस्तार गरेको कृषि शाखा प्रमुख निराजन पौडेलको भनाइ छ । गत वर्ष पनि अकबरे खुर्सानीखेती गरेको वडा ४ स्थित साना किसान सहकारीले यस वर्ष १२ रोपनी क्षेत्रफलमा खुर्सानीखेती गरेको छ । परीक्षणको रुपमा पहिलो पटक गत वर्ष अकबरे खुर्सानीखेती सुरु गरी राम्रो आम्दानी गर्न थालेपछि दोर्दीका किसान यसपटक उत्साहित बनेका छन् ।

गत वर्ष उक्त समूहले २० लाख रुपैयाँ बढी आम्दानी गरेको बताइएको छ ।

यस वर्ष लगाइएको खुर्सानी ४०० देखि ५०० मेकिट्र टन उत्पादन हुने र करिब पाँच करोड रुपैयाँ आम्दानी गर्ने अनुमान रहेको कृषि शाखा प्रमुख पौडेलले बताए । उनले भने, ‘कम लागतमा धेरै आम्दानी गर्न गर्न सकिने बाली खुर्सानी रहेको र यसको बजारको माग पनि राम्रो रहेको छ ।

त्यस्तै, मर्स्याङ्दी गाउँपालिकाको नौ वटै वडामा गरेर ३०० रोपनी क्षेत्रफलमा अकबरेको व्यावसायिक खेती गरिएको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताए‘, उनले भने, ‘अकबरे खुर्सानीको व्यावसायिक खेतीबाट किसानको जीवनस्तर उकास्ने उद्देश्यले अभियान सञ्चालन गरिएको र यसले पालिकाको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिएका छौँ । अकबरे खेतीका लागि गाउँपालिकाले २० लाख रुपैयाँ विनियोजन गरेको थियो ।

यसमध्ये १० लाख रुपैयाँ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले सहयोग गरेको छ । आयोजनाको क्षेत्रमा पर्ने वडा नंः १, २, ३, ४ र ९ का लागि गाउँपालिकामार्फत एक्यापले रकम उपलब्ध गराएको थियो । अकबरे खेतीका लागि गाउँपालिकाले बिरुवामा ८० प्रतिशत र मल्चिङ प्लाष्टिकका लागि ५० प्रतिशत अनुदान दिएको गाउँपालिकाले जनाएको छ । यहाँका किसानले कम्तीमा एक रोपनी र बढीमा १० रोपनीसम्म खेती गरेका छन् ।

किसानले उत्पादन गरेको अकबरेको बजारीकरणका लागि पालिकाले सहयोग गर्ने भएको छ । बजारीकरणका लागि पालिकामै मासिक हाटबजारको व्यवस्थासँगै जनता एग्रो कम्पनीसँग बिक्री सम्झौता भएको गाउँपालिका अध्यक्ष गुरुङको भनाइ छ । जिल्लामा उत्पादन कम हुँदा हालसम्म बाहिरी जिल्ला र भारतबाट ल्याएको खुर्सानी स्थानीयले खरिद गरेर प्रयोग गर्दै आएको छ । रासस

# झापामा ७५५ मनसुनजन्य विपद् उद्धारकर्मी तैनाथ

**झापा ।**

मनसुनजन्य विपद् व्यवस्थापनका लागि झापाका सुरक्षा निकाय, स्थानीय तह, रेडक्रस लगायतका सरोकारवाला निकायले पूर्वतयारी तीव्र तुल्याएका छन् । प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले जिल्लामा सेना, प्रहरी र रेडक्रसकर्मीसहित तालिमप्राप्त ७५५ जना मनसुनजन्य विपद् उद्धारकर्मी तैनाथ गरिएको जानकारी दिए ।

विपद् व्यवस्थापनका लागि सबै सरोकारवाला निकायबीच समन्वय हुने गरी एकीकृत कार्ययोजना कार्यान्वयनमा ल्याएको उनले बताए । प्रमुख जिल्ला अधिकारी अधिकारीको अध्यक्षतामा गठन भएको जिल्ला विपद् व्यवस्थापक समितिले नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान कार्यालय, नेपाल रेडक्रस सोसाइटी, कारितास नेपाल लगायतका सरोकारवाला निकायसँग एकीकृत रुपमा व्यवस्थापनको पूर्वतयारी र समन्वय गरिरहेको छ ।

समितिले नेपाली सेनाको चारआलीस्थित अरिदमन गणमा मंगलवार छलफल कार्यक्रम आयोजना गरी अहिलेसम्म भइरहेका तयारी बारेमा सरोकारवाला निकायहरुबाट जानकारी लिएको छ । नेपाली सेनाले १६०, सशस्त्र प्रहरी बलले ३२०, नेपाल प्रहरीले ११०, विपद् व्यवस्थापन गुल्मले ४० र नेपाल रेडक्रस सोसाइटीले १२५ दक्ष जनशक्तिलाई मनसुनजन्य विपद् व्यवस्थापनका लागि तैनाथ अवस्थामा राखेको जनाएका छन् । यसपाली झापामा आठ हजार ९१९ घरधुरी मनसुनजन्य विपद्बाट प्रभावित हुने नेपाल रेडक्रस सोसाइटीको प्रक्षेपण रहेको छ । विगतको तुलनामा पूर्वी नेपालमा १५ दिन अगावै मनसुन भित्रिएको हुँदा सरोकारवाला निकायहरुले विपद् व्यवस्थापनको पूर्वतयारीलाई प्राथमिकतामा राखेका छन् ।

सशस्त्र प्रहरी बलको २ नं गण हेडक्वाटर भद्रपुरका प्रहरी नायव उपरीक्षक मदनकुमार रसायलीले गण र मातहतका गुल्म तथा बीओपीहरुमा उद्धारका सामग्रीसहित विपद् व्यवस्थापन टोली तैनाथ अवस्थामा राखिएको र आवश्यक परेको जुनसुकै बेला उनीहरुलाई परिचालन गर्न सकिने बताए ।

जिल्लाका १५ वटै पालिका र १३१ वडामा विपद्को तत्काल सूचना दिनेगरी विपद् सूचक तयार पार्ने कार्य धमाधम भइरहेको छ । नेपाल रेडक्रस सोसाइटीका प्रशासन प्रमुख हरिशरण खड्काका अनुसार प्रत्येक वडामा २५ जनाका दरले तीन हजार २७५ जना विपद् सूचक तयार पार्ने लक्ष्य रहेको बताए । सूचकहरुलाई विपद् सम्बन्धी तालिम प्राप्त हुनेछ ।

विपद् व्यवस्थापका लागि स्थानीय तहलाई समेत सक्रिय बनाइएको छ । विर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले नगरपालिकाले विपद् व्यवस्थापनका लागि पूर्वतयारी गर्दै आएको बताए । नेपाली सेनाको अगुवाइमा विपद् व्यवस्थापन पूर्वतयारीका लागि ‘अभ्यास मनसुन–५’ सञ्चालन भइरहेको छ । बाढीका बेला कसरी उद्धार, राहत, समन्वय र पुनस्र्थापनाको कार्य गर्ने भन्ने विषयमा ‘अभ्यास मनसुन–५’ अन्तर्गत मेचीनगर नगरपालिकाको वडा १३ स्थित निचाझोडा सिमसारमा बृहत एकीकृत अभ्यास गरिने अरिदमन गणका प्रमुख सेनानी प्राजु बस्न्यातले बताए । रासस

## संसदीय छानबिन समिति नबनेपछि जसपाको अवरोध

# मधेश प्रदेशसभा बैठक स्थगित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संसदीय छानबिन समिति गठन गनुपर्ने माग गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले प्रदेशसभा बैठक अवरुद्ध गरेपछि मधेश प्रदेशसभाको पाँचौँ अधिवेशनको पहिलो बैठक स्थगित भएको छ । बुधबार शुरु भएको बैठकमा जसपाका सांसदहरूले सिटबाट उठेर विरोध जनाएपछि सभामुख रामचन्द्र मण्डलले बैठक स्थगन गरेका हुन् । प्रदेशसभामा जसपाका प्रमुख सचेतक रामअशिष यादवले सभामुख मण्डलको अध्यक्षतामा विगतमा भएको निर्णय कार्यान्वयन नभएकोप्रति गम्भीर आपत्ति जनाएका थिए । प्रमुख सचेतक यादवले प्रदेशसभाको चौथो अधिवेशनको २२औं बैठकमा सभामुखले संसदीय छानबिन समिति गठन गर्ने घोषणा गरे पनि त्यसको कार्यान्वयन नहुनु गैरजिम्मेवार कदम भएको बताए । उनका अनुसार उक्त निर्णय सर्वदलीय सहमतिमा भएको थियो । विपक्षी दलले आफ्नो तर्फबाट प्रतिनिधिको नाम समेत दिएको छ । तर, सत्तापक्षले नाम नदिएर प्रक्रिया अवरुद्ध गरेको उनले आरोप लगाए । उनले सभामुख मण्डललाई सम्बोधन गर्दै भने, 'सरकारद्वारा जुन गडबडी हुन्छ, आर्थिक अनुशासनको उल्लंघन हुन्छ, त्यसको नियन्त्रण गर्ने काम सदनको हो ।

त्यसैले संसदीय छानबिन समिति गठन गर्नु आवश्यक छ । तर, सत्तापक्षले प्रक्रिया अघि नबढाउनुले सरकार सदनप्रति उत्तरदायी नरहेको देखाउँछ । सरल भाषामा भन्नुपर्दा सरकार भ्रष्टाचार होस् भन्ने चाहन्छ ।' सभामुख मण्डलले बैठकको प्रारम्भमा नै दलहरूसँग अनौपचारिक र औपचारिक छलफल गर्दै विवाद समाधानको प्रयास गरेका थिए । तीन घण्टासम्म चलेको संवाद निष्कर्षमा नपुग्दा बैठक स्थगित गर्नु परेको हो ।

सभामुख मण्डलले भने, 'यो गम्भीर विषय हो । छलफल भइरहेको छ । सहमति नजुटेसम्म बैठकमा निरन्तरता दिन कठिन हुने भएकाले बैठक बिहीबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएको छ ।' जसपाले संसदीय छानबिन समिति गठन नभएसम्म प्रदेशसभा चल्न नदिने चेतावनी दिएको छ । विपक्षी दलले भ्रष्टाचार, अनियमितता र आर्थिक अपारदर्शितामाथि छानबिन हुनुपर्ने माग गर्दै संसदलाई दबाब दिन थालेको हो । प्रदेशसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तयारी भइरहेका बेला उत्पन्न राजनीतिक अवरोधले मधेश सरकारको गति मन्द पार्ने देखिएको छ ।

## मधेशमा एनएचपिसीको कडा अनुगमन

# अवैध अस्पताल कारबाहीको दायरामा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वास्थ्य सेवा नागरिकको मौलिक हकको विषय हो । तर, मधेश प्रदेशमा सञ्चालित केही अस्पताल, क्लिनिक र प्रयोगशालाहरूमा सेवा भन्दा बढी लापरवाही र नियम उल्लंघन देखिएपछि राज्य संयन्त्र एकपछि अर्को गरी कडाइमा उत्रिएको छ । यसै सन्दर्भमा नेपाल स्वास्थ्य व्यवसायी परिषद (एनएचपिसी) ले मधेश प्रदेशमा स्वास्थ्य सेवा सम्बन्धी संस्थाको निरीक्षणलाई तीव्र बनाएको छ । परिषदका अध्यक्ष डा. सुबोध शर्माको नेतृत्वमा पहिलोपटक ६ जना विषय विज्ञसहितको टोलीले मधेशमा सघन अनुगमन शुरु गरेको हो । परिषदको टोलीले महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर र बर्दिवासमा रहेका अस्पताल, डायग्नोस्टिक सेन्टर, क्लिनिक र प्रयोगशालाहरूको निरीक्षण गरिसकेको छ । अनुगमनको क्रममा अधिकांश संस्था स्वास्थ्य सेवा ऐन तथा नियमविपरीत सञ्चालनमा रहेको पाइएको परिषदले जनाएको छ । केही महिनाअघि मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले स्वास्थ्य क्षेत्रको अनियमितताबारे अनुगमन गरेका थिए । उनले केही संस्थामा ताल्चा लगाउने र केहि स्थानमा सुधारको लागि सम्झाइ बुझाइ गरिए पनि त्यहाँ रहेका अस्पतालहरू नियम विपरीत सञ्चालनमा आउन थालेका छन् । नेपाल स्वास्थ्य व्यवसायी परिषदको अनुगमन टोलीले महोत्तरी जिल्लाको जलेश्वर र बर्दिवासमा रहेका अस्पतालहरूको अनुगमन गरेको छ । अनुगमनको क्रममा अधिकांश अस्पतालहरू नियमानुसार सञ्चालनमा नरहेको पाइएका छन् । ती संस्थाहरूमा दक्ष जनशक्ति र आवश्यक सामग्रीको अभाव छ भने केही संस्थाहरू कानूनी दायराभित्र नपरेको पाइएको विषय विज्ञ डा. राजन लाभ बताए । लाभले भने, 'मधेशमा रहेका अस्पतालहरूको व्यवस्थापनमा गम्भीर असमानता छ । केही संस्थाहरू कानूनी ढाँचा विपरीत सञ्चालन भइरहेका छन् ।

त्यहाँ दक्ष जनशक्ति र आवश्यक सामग्रीको पनि धेरै कमी छ ।' उनले भने, 'न त दक्ष स्वास्थ्यकर्मी छन्, न त प्रयोगका लागि आवश्यक उपकरणहरू नै । कतिपय संस्थाहरू त बिना दर्ता गैरकानुनी रूपमा निर्वाध रुपले सञ्चालनमा छन् ।' लाभका अनुसार, 'जाँच गर्दा एउटै पनि अस्पताल, क्लिनिक वा प्रयोगशाला ऐन, नियमावली र परिषदको मापदण्डअनुसार सञ्चालनमा रहेको देखिएन । केही संस्थाले कानुनमै उल्लंघन गरेका छन् । यस्तो अवस्थामा अब कारबाही नगरी विकल्प छैन ।' परिषदले नियमानुसार दर्ता नभएका संस्थाहरूको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीलाई आवश्यक कदम चाल्नका लागि सिफारिश गर्ने छ । यसैगरी, अन्य संस्थाहरूको हकमा परिषदले केन्द्र सरकारलाई पनि कारबाहीका लागि सिफारिश गर्ने डा. लाभले बताए । परिषदको टोलीले आगामी दिनमा मधेश प्रदेशका अन्य जिल्लामा पनि अनुगमन कार्यलाई तीव्रता दिने योजना बनाएको छ । यस अभियानमार्फत स्वास्थ्य सेवाको गुणस्तरमा सुधार ल्याउने र कानुनको पालना नगर्नेहरूलाई दण्डित गर्ने रणनीति परिषदले लिएको छ ।

## अदालतले दोषी ठहर गरेपछि जसपा नेता फरार

# ठगी मुद्दामा छोरा समातिए



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
२५ करोडको व्यवसायिक कारोबारमा उत्पन्न विवादपछि ठगी अभियोगमा मुछिएका रमण कन्स्ट्रक्सनका सञ्चालक बलराम महतो फरार रहेका छन् । उनका एक छोरा पवन महतो काठमाडौँबाट पक्राउ परेका छन् भने अर्का छोरा रमन महतो समेत फरार छन् । जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा आर्थिक विभाग प्रमुखसमेत रहेका बलराम महतोमाथि जनकपुरधाम उपमहानगरपालिका–४ निवासी विष्णुदेव यादवका छोरा सन्तोषकुमार यादवले बैंकिङ्ग कसुरमा उजुरी दिएका थिए । उजुरीका आधारमा अनुसन्धान शुरु भएको र सो क्रममा बलरामसहित उनका छोराहरूलाई पनि अनुसन्धानको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

पुलिसका अनुसार मंगलबार काठमाडौंबाट पक्राउ परेका पवन महतोमाथि प्रारम्भिक अनुसन्धानपछि उनलाई जिल्ला प्रहरी कार्यालय धनुषामा पठाइएको छ । प्रहरी स्रोतका अनुसार उनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिम्मा लगाइएको छ । धनुषा प्रहरीले दिएको जानकारीअनुसार यस प्रकरणमा पुनरावेदन अदालतले बलराम महतोलाई दोषी ठहर गरेको थियो । अदालतको फैसला २०८१ साल चैत २१ गते आएको थियो । तर, त्यसयता बलराम सम्पर्कविहीन बनेका छन् । प्रहरीका अनुसार उनी हालसम्म फरार छन् र मोबाइलसमेत बन्द रहेको छ । उनको खोजीका लागि विशेष प्रहरी टोली परिचालन गरिएको जनाइएको छ । स्रोतका अनुसार बलराम महतो र सन्तोषकुमार यादवबीच विगतमा करिब २५ करोड रुपैयाँ बराबरको व्यावसायिक कारोबार भएको थियो । तर, महतोले आफूले जम्मा ८ करोड रुपैयाँ मात्र तिर्नुपर्ने दाबी गर्दै बाँकी रकम नतिरेपछि विवाद चर्किएको थियो । सोही विषयलाई लिएर अदालतमा मुद्दा दायर गरिएको थियो ।

गत चैत २९ गते नै बलराम महतो र उनका छोरा रमन महतोविरुद्ध औपचारिक रूपमा पक्राउ पूर्जी जारी गरिएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान शाखाले सोही पूर्जीको आधारमा छानबिन गरिरहेको छ ।बलराम महतो धनुषा जिल्लाको साविक रघुनाथपुर गाविस–४ (हाल सवैला नगरपालिका–१) का स्थायी बासिन्दा हुन् । हाल उनी जनकपुरधाम उपमहानगरपालिका–१३ मा बसोबास गर्दै आएका छन् । उनी 'रमण कन्स्ट्रक्सन' नामक निर्माण कम्पनीका सञ्चालक समेत हुन् । धनुषाका प्रहरी प्रमुख उपरीक्षक नरहरी रेग्मीले पवन महतोको पक्राउ पुष्टि गर्दै अनुसन्धानको प्रक्रिया अगाडि बढाइएको जानकारी दिएका छन् । पक्राउ परेका पवनमाथि हालसम्म ठगीमा संलग्नताको सिधा प्रमाण नभए पनि उनको भूमिकाबारे विस्तृत छानबिन भइरहेको प्रहरी स्रोतको भनाइ छ । फरार रहेका बलराम र रमन महतोको खोजीमा प्रहरी केन्द्रित भएको छ ।

# विद्युतीय गाडी र ट्रक ठोक्किँदा दुई जनाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रपुर–१ मंगलपुरस्थित पूर्व–पश्चिम राजमार्गमा बुधबार मालवाहक ट्रक र विद्युतीय गाडी एक आपसमा ठक्कर खाँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । सर्लाहीको बरहथवाबाट चन्द्रनिगाहपुरतर्फ आउँदै गरेको बागमती प्रदेश ०३–००१ ज ०४५२ नम्बरको विद्युतीय सोकोन गाडी र विपरीत दिशाबाट जाँदै गरेको मधेश प्रदेश ०३–००१ ख ८६०० नम्बरको ट्रक एक आपसमा साइडपट्टी ठक्कर खाइ दुर्घटना हुँदा सर्लाही रामनगर–१ खैरवाका ३६ वर्षीया भगिया देवीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ ।

प्रहरीका अनुसार दुर्घटनामा परी सर्लाही रामनगर–१ खैरवाकै ३० वर्षीय धिरेन्द्र ठाकुरको पनि उपचारको क्रममा मृत्यु भएको छ ।दुर्घटनामा १८ वर्षीय रानिकुमारी यादव र रौतहटको दुर्गाभगवती गाउँपालिका–५ बडहर्वाका १९ वर्षीय सरोज ठाकुर घाइते भएका छन् । दुवै खतरामुक्त रहेको प्रहरीले जनाएको छ । घाइतेको चन्द्रपुर अस्पताल प्रालिमा उपचार भइरहेको छ । ट्रक चालक मकवानपुर हेटौंडा–१३ का ग्यालसेन थोकर र सोकोन गाडीका चालक सर्लाही रामनगर– ३ का आकाश सिंहलाई नियन्त्रणमा लिइ आवश्यक अनुसन्धान भइरहेको इलाका प्रहरी चन्द्रनिगाहपुरका डीएसपी राजकुमार राईले जानकारी दिए ।

# एकपछि अर्को आन्दोलनले नगरपालिकाको कामकाज अस्तव्यस्त

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराज नगरपालिका कार्यालयमा एकपछि अर्को आन्दोलनका कारण कामकाज
अस्तव्यस्त हुन थालेको छ । १० दिनअघि सरसफाइकर्मीहरुले बाँकी रहेको तलव माग गर्दै काम बहिष्कार गरेर धर्नामा बस्दा ४ दिनसम्म नगर क्षेत्रको फोहोर उठ्न सकेन । उनीहरुको माग
सम्बोधन भई काममा फर्केको भोलीपल्टै बोदेबर्साइन नगरपालिकाबाट आएको जनसमुदायले लगातार ३ दिनसम्म नगरपालिका कार्यालयमा धर्ना दिँदा सेवा प्रवाह प्रभावित हुन पुग्यो । राजविराज नगरपालिकाको गाडीले गत माघ १ गते ठक्कर दिएर बोदबर्साइन नगरपालिका–२ का १५ वर्षीय राजेश यादवलाई घाइते बनाएपछि उपचार खर्च माग्दै घाइते भएकाको परिवारजन र गाउँले समेतले लगातार ३ दिन धर्नामा बस्दा नगरपालिकाको कामकाज प्रभावित हुन पुग्यो । नगरपालिकाले औषधी उपचार खर्चको व्ययवस्थापन गर्ने आश्वासन दिएपछि
चौथो दिन उनीहरुको धर्ना कार्यक्रम स्थगित भयो । पछिल्लो चरणमा बुधवार विभिन्न ११ सुत्रिय माग लिएर नगरपालिकाका कर्मचारी नै आन्दोलनमा उत्रिने भएपछि कामकाज थप अस्तव्यस्त हुने पक्का भएको छ । नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाइ समिति राजविराज नगरपालिकाकी अध्यक्ष कल्पना देवको अगुवाईमा नगरपालिकाका प्रवक्ता समेत रहेका वडाअध्यक्ष जयनारायण मण्डललाई बुझाइएको ज्ञापन पत्रमा ११ बुँदे मागसहित चरणबद्ध आन्दोलनका कार्यक्रम समेत घोषणा गरिएको छ । ज्ञापन पत्रको बोद्धार्थ प्रमुख जिल्ला अधिकारी भोला दाहाल, नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत डा. श्रवण साह, पत्रकार महासंघका सभापती श्रवण कुमार देवलाई समेत दिइएको छ । ज्ञापन पत्रमा नगरपालिकाको कार्यपालिकाको कानुन सम्मत निर्णय नमान्ने र आफुखुशी स्वेच्छाचारी ढंगले काम गर्ने प्रमुख प्रशासकिय अधिकृत डा. श्रवण साह र कर्मचारीको मानसम्मान माथी पटक÷पटक आघात पुर्याउने गरी काम गर्ने योजना शाखाका प्रमुख मनोज कुमार यादवमाथी कारवाही गर्दै सरुवा गर्नु पर्ने प्रमुख माग राखिएको छ । यस्तै १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक कुमार दासलाई कार्यपालिकाको निर्णय बगैर एकलौटी ढगले प्रमुख प्रशासकिय अधिकृत डा.साहले करार सम्झौता भंग गरेको निर्णय फिर्ता लिनु पर्ने, गत आ.व.२०८०÷०८१ मा वडा कार्यालयमा काम गरेबापत दैनिक ज्यालादारी कर्मचारीको बाँकी रहेको १६ दिनको तलब अविलम्ब भुक्तानी गर्नुपर्ने, कर्मचारीको दुर्घटना बिमाको व्यवस्था तथा निमित्त प्रमुख प्रशासकिय अधिकृत बरिष्ठतम कर्मचारीलाई मात्र दिनु पर्ने लगायतका माग अघि सारिएको छ । ज्ञापन पत्रमार्फत सो मागहरु पुरा नगरिए जेठ २२ गते विहिवारदेखी कालोपट्टी बाँधेर काम गर्ने तथा दैनिक २ घण्टा पेन डाउन गरी धर्ना, जेठ २५ गते प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा तालाबन्दी तथा जेठ २८ गतेदेखी असार १ गतेसम्म अतिआवश्यक सेवाबाहेक सबै कामकाज बन्द गरी धर्नामा बस्ने कार्यक्रम घोषणा गरिएको छ । त्यसपछि पनि माग सम्बोधन नभए दोस्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने ज्ञापन पत्रमा उल्लेख छ ।

आर्थिक वर्षको समाप्तिका क्रममा कामको चाप बढी रहेका बेला एक पछि अर्का आन्दोलनले गर्दा नगरपालिकाको अवस्था अस्तव्यस्त हुन पुगेको भन्दै स्थानीयले अविलम्ब सो समस्याको समाधान खोज्न र सेवा प्रवाहलाई सहज बनाउन माग गरेका छन् ।

## जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागि एकजुट होऔँ : मुख्यमन्त्री सिंह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले समाजमा गहिरो रूपमा जरा गाडेर बसेका जातीय विभाजन र छुवाछुतजस्ता अमानवीय प्रथाको अन्त्य अनिवार्य भएको बताएका छन् । भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस–२०८२ को अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री सिंहले समाजमा समानता, समावेशिता र सामाजिक न्याय सुनिश्चित गर्न सबै नागरिक, राजनीतिक दल र राज्य संयन्त्रले संयुक्त रूपमा प्रतिबद्धता जनाउनुपर्ने आवश्यकता औंल्याए । 'सदियौँदेखि हामीले भोग्दै आएका छुवाछुत र जातीय विभेदले सामाजिक न्यायलाई क्षतिग्रस्त बनाएको छ,' सन्देशमा उल्लेख छ, 'अब हामीले यस्ता प्रथाहरूको अन्त्य गर्दै समतामूलक समाज निर्माणतर्फ कदम चाल्नैपर्छ ।' मुख्यमन्त्री सिंहले प्रदेश सरकार विभेदविरोधी नीति तथा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइरहेको जनाउँदै समुदायमा चेतना फैलाउन जनस्तरमा अभियानहरू सञ्चालन भइरहेको जानकारी दिए । सन्देशमा उनले संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको संरक्षण र सम्मानमा राज्यको भूमिका जिम्मेवार र उत्तरदायी हुनुपर्ने पनि स्मरण गराए । यस वर्षको छुवाछुत उन्मूलन दिवस विभिन्न संघसंस्थाले विविध कार्यक्रमसहित मनाइरहेका छन् ।

## कमला पुल निर्माणका लागि बजेट माग्दै जनमत पार्टीलाई ध्यानाकर्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहा–धनुषा सीमास्थित कमला नदीमा नयाँ पुल निर्माणको माग गर्दै नयाँ कमला पुल निर्माण संघर्ष समितिले जनमत पार्टी मधेश प्रदेश संसदीय दललाई ध्यानाकर्षण गराएको छ । संघर्ष समितिका संयोजक प्रविन मोरबैताले बुधबार मधेश प्रदेश सभा भवनभित्र रहेको जनमत पार्टी संसदीय दलको कार्यालयमा नेता महेश प्रसाद यादवलाई भेट्दै आगामी बजेट नीति तथा कार्यक्रममा पुल निर्माणका लागि आवश्यक रकम सुनिश्चित गरिदिन आग्रह गरेका हुन् ।

उनले संघीय सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा कमला पुल निर्माणसम्बन्धी कुनै पनि व्यवस्था नगरेकोप्रति गम्भीर आपत्ति जनाए । 'सिरहा–धनुषा जिल्लाका हजारौं नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएको यो संरचना उपेक्षित हुनु दुःखद हो,' संयोजक मोरबैताले भने, 'संघीय सरकार बेवास्ता गरिरहे पनि प्रदेश सरकारले दीर्घकालीन आवश्यकताका रूपमा यसलाई बजेटमा समावेश गर्नुपर्छ ।' गत वर्ष साउन महिनामा भएको चार बुँदे सम्झौताअनुसार हुलाकी सडकभन्दा फरक स्थानमा नयाँ कमला पुल निर्माण गर्ने सहमति भएको थियो । त्यसकै आधारमा प्रदेश सरकारले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत तयार गरिसकेको संघर्ष समितिको भनाइ छ । तर, बजेट नआएको कारणले निर्माण प्रक्रिया अगाडि नबढेको उनीहरूको गुनासो छ । संघर्ष समितिका अनुसार चालू आर्थिक वर्ष २०८२/८३ को बजेटमै पुल निर्माणका लागि रकम विनियोजन गर्नुपर्ने आवश्यकता छ । समितिले प्रदेश सरकारलाई दबाब दिन राजनीतिक दलहरूसँग पनि भेटघाट तथा ध्यानाकर्षण अभियान शुरु गरेको जनाएको छ । नेता महेश प्रसाद यादवले पनि पुल निर्माणको आवश्यकता जायज रहेको बताउँदै यस विषयमा दलभित्र छलफल गरी सरकारलाई आवश्यक सिफारिस गर्ने आश्वासन दिएका छन् । कमला नदीमा अहिलेको पुल निकै पुरानो, साँघुरो र जोखिमपूर्ण अवस्थामा रहेकाले त्यसले स्थानीयलाई दैनिक यात्रा तथा आपतकालीन सेवामा समेत अवरोध गर्दै आएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन